# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३२४ | काठमाडौं | मंगलबार, १० चैत २०८२ | Prabhab National Daily | Tuesday, 24 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


कार्की सरकारको 'कालो धब्बा'

## प्रधानमन्त्रीको नातावाद मोह, विधिको शासनमा महान्यायाधिवक्ताको 'तरबार'





- डिम्ब तस्करी प्रकरणमा मुद्दा नचल्ने निर्णय
- रवि, जिबीलगायतविरूद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा नचल्ने निर्णय
- वर्ल्डलिंकलाई सात अर्ब ३६ करोडभन्दा बढी कर छलीमा उन्मुक्ति
- नाताका आदर्श श्रेष्ठलाई राजकीय पदमा व्यवस्थापन
- निकट गृहमन्त्रीलाई राष्ट्रिय सभा सदस्य सिफारिस

■ जेबी योञ्जन

**काठमाडौं–** जेन-जी विद्रोहपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएपछि जनताले अपेक्षा गरे- अब राज्य सञ्चालनको शैली बदलिने छ । कानुन सबैका लागि बराबर लागू हुने छ । भ्रष्टाचार नियन्त्रणमा ठोस कदम चालिने छ र नातावाद-कृपावादको अन्त्य हुने छ । यी सबै जेन-जी विद्रोहको जनादेश पनि हुन् ।

तर, साढे छ महिनामा प्रधानमन्त्री कार्की र उनलाई कानुनी सल्लाह दिने महान्यायाधिवक्ता सविता भण्डारीबाट जे-जस्ता गतिविधि भए, त्यसले जनअपेक्षा र जेन-जी विद्रोहको जनादेशविपरीत सरकार अगाडि बढेको भनेर आलोचना भइरहेको छ ।

सुशासनको वाचा गर्दै बनेको सरकारमाथि उल्टै सुशासन कायम नगरेको, भ्रष्टाचार नियन्त्रणमा असफल भएको र नातावाद तथा कृपावादलाई नै संस्थागत गरेको आरोप लाग्नु गम्भीर विषय हो । यसमा जोडिएकी छिन्- महान्यायाधिवक्ता सविता भण्डारी । उनले गरेका केही निर्णयहरूले सुशासन, विधिको शासन र भ्रष्टाचार अन्त्यको मूल मर्ममाथि नै प्रहार गरेका छन् । उनी विभिन्न मुद्दाका प्रतिवादीहरूका लागि 'मुक्तिदाता' नै देखिन् । सुरुमा त उनी मुक्तिदाता बनेको आफ्नै छोरीको आबद्धता भएको होप फर्टिलिटी एण्ड रिसर्च सेन्टरबाट भएको डिम्ब तस्करी प्रकरणमा मुद्दा नचल्ने निर्णय गरेर हो । क्रमशः पृष्ठ २ मा

### नातावाद-कृपावादमा झुकाव

जेन-जी विद्रोहको प्रमुख एजेण्डामध्येमा एक थियो- नातावाद र कृपावादको अन्त्य । तर, कार्की सरकार यही आरोपमा मुछिएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले पछिल्ला दिनहरूमा आफ्ना नजिकका व्यक्तिलाई महत्त्वपूर्ण पदमा नियुक्त गर्ने निर्णयहरू लिएकी छन् । नजिकको नाताका आदर्श श्रेष्ठलाई सुरुमा उनले आफ्नो (प्रधानमन्त्रीको) सचिवालय प्रमुख बनाइन् । यही १ चैतमा राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्त गर्ने निर्णय गरिन् । यसले नातावाद र कृपावादको हिमायती प्रधानमन्त्री कार्की भएको भन्दै टिप्पणी भइरहेको छ र सरकारको नैतिक आधार कमजोर बनाएको छ । क्रमशः पृष्ठ २ मा

# पहिलो क्याबिनेटबाटै सुधारको संकेत देखाउने बालेनको तयारी

- संसदीय दलको नेता चयन र भावी सरकारमा क-कसलाई पठाउनेबारे छलफल गर्न आज रास्वपा केन्द्रीय कार्यसमिति बैठक
- पहिलो निर्णयबाटै पूर्ववर्ती सरकारले विभिन्न निकायमा भागबण्डाको आधारमा मनपरी राजनीतिक नियुक्ति गरेका एक हजारभन्दा बढीलाई बर्खास्त गर्ने तयारी
- सम्पत्ति शुद्धीकरण र संगठित अपराधसँगै सहकारी ठगी अभियोग खेपिरहेको आफ्नै सभापति रवि लामिछाने अब बन्ने बालेनका लागि चुनौती



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह प्रधानमन्त्री बन्दै छन् । प्रधानमन्त्री बनेसँगै आफ्नो पहिलो क्याबिनेटबाटै सुधारको संकेत देखिने खालका निर्णय गर्ने तयारीमा उनी लागेका छन् ।

बालेन मन्त्रिपरिषद्ले एक हजारभन्दा बढी राजनीतिक नियुक्तिलाई तत्काल हटाएर सुधार थाल्ने तयारी गरेको रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । 'हाम्रो प्रस्तावित प्रधानमन्त्री मुलुकभित्रको सबै सेवा प्रवाहमा सुशासन हुनुपर्छ । सरकारको ध्यान सुशासन हुनुपर्छ भन्नुहुन्छ,' बुर्लाकोटीले भने, 'त्यहीअनुसार पहिलो क्याबिनेटबाट बोल्ड निर्णयहरू आउन सक्छ ।'

रास्वपाले आज (मंगलबार) संसदीय दलको नेता चयन र भावी सरकारमा क-कसलाई पठाउनेबारे छलफल गर्न केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ । वनस्थलीस्थित घण्टीघरमा दिउँसो ४ बजे बस्ने बैठकमा केन्द्रीय सदस्यहरूले आगामी सरकार कस्तो बन्नुपर्छ भन्ने धारणासमेत राख्ने छन् ।

बालेनले प्रधानमन्त्रीमा शपथ खाएकै दिन पूर्णआकारको मन्त्रिपरिषद् गठन गर्नेगरी सभापति रवि लामिछानेसँग निरन्तर छलफल गरिरहेको रास्वपा नेताहरू बताउँछन् । पूर्ववर्ती सरकारले विभिन्न निकायमा भागबण्डाको आधारमा मनपरी राजनीतिक नियुक्ति गरेको थियो । यस्ता खालका नियुक्तिहरू एक हजारभन्दा बढी रहेको र तिनलाई स्वेच्छिककरूपमा राजीनामा दिनसमेत भनिएको छ ।

उनीहरूले पद ओगटेरै बसेको खण्डमा कार्यक्षमता हेरेर आवश्यक कारबाही गर्ने तयारी बालेन नेतृत्वको सरकारले गर्ने भएको बताइएको छ । राज्यको स्रोत दोहन गर्ने गरी अनावश्यक संरचनामा भएका नियुक्तिहरू तत्काल हटाउनुपर्ने जनादेश अबको सरकारलाई रहेको बुर्लाकोटी बताउँछन् । राजनीतिक नियुक्ति लिएकाहरूमा संवैधानिक निकायदेखि कूटनीतिक नियोगसम्म छन् ।

#### मन्त्रिपरिषद् १५ देखि १८ जनाको बनाउने तयारी

संविधानतः प्रधानमन्त्रीले २५ जनाको मन्त्रिपरिषद् बनाउन सक्छन् । तर रास्वपाले छरितो मन्त्रिपरिषद् बनाउने तयारी गरिरहेको रास्वपा सांसद गणेश पराजुली बताउँछन् । अरु दललाई पर्खनुपर्ने कुनै बाध्यता नरहेकोले पहिलो दिन नै मन्त्रिपरिषद्ले पूर्णता पाउने पराजुली बताउँछन् । 'वाचापत्रमा भनिएजस्तै १५ देखि १८ सदस्यीय मन्त्रिपरिषद् बन्छ । यसका लागि नेताहरूले होमवर्क थालिसकेका छन्,' पराजुलीले भने । क्रमशः पृष्ठ २ मा

### परीक्षणमा आफ्नै नेतृत्व



रास्वपा नेतृत्वले सुशासनको पक्षमा कदम चाल्दै गर्दा आफ्नै सभापति रवि लामिछानेबारे भने प्रश्न उठ्न थालेको छ । सम्पत्ति शुद्धीकरण र संगठित अपराधसँगै सहकारी ठगी गरेको अभियोगमा लामिछानेमाथि विभिन्न अदालतमा मुद्दा छ । त्यसकारण चितवन-२ बाट निर्वाचित उनले सांसदको शपथसमेत लिन नपाउने बताइएको छ ।

उनीविरुद्ध काठमाडौं, कास्की, रूपन्देही र पर्सा जिल्ला अदालतमा यी दुई मुद्दा विचाराधीन छन् । सहकारी ठगी भने यी जिल्ला अदालतसँगै चितवनमा पनि छ । तर, सम्पत्ति शुद्धीकरण र संगठित अपराधजस्तो मुद्दा खेपिरहेका लामिछानेलाई उन्मुक्ति दिन महान्यायाधिवक्ता सबिता भण्डारीले आरोपपत्र नै संशोधन गर्ने निर्णय गत पुसको अन्तिममा लिएकी थिइन् । क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगारीमा युद्धको प्रभाव

## विभागमा पुनः श्रम स्वीकृति लिनेको चाप, नयाँ न्यून

■ प्रभाव संवाददाता




**काठमाडौं–** इजरायल-अमेरिका र इरानबीचको द्वन्द्वले खाडी क्षेत्रको रोजगारी प्रभावित हुँदा वैदेशिक रोजगार विभागमा नयाँ श्रम स्वीकृति लिने श्रमिक घटेका छन् । प्रमुख रोजगार गन्तव्य बन्द हुँदा विगतकै हाराहारीमा श्रम स्वीकृति जारी गरिरहेको भए पनि अधिकांश पुनः श्रम स्वीकृति लिने रहेको विभागले जनाएको छ ।

सामान्य अवस्थामा दैनिक दुई हजारदेखि दुई हजार ५०० जनाले विभागबाट श्रम स्वीकृति लिने गरेका थिए । जसमा ८० प्रतिशतभन्दा बढी श्रम स्वीकृति खाडीका छ वटा देश र मलेसियाका लागि जारी गरेको पाइन्छ । हाल खाडी मुलुकहरूमा भने नयाँ श्रम स्वीकृति स्थगन गरिएको छ । जसले गर्दा नयाँ स्वीकृति लिनेको संख्या घटेको हो । पुनः श्रम स्वीकृति लिनेले श्रमिकका कारण विभागमा चाप भने विगतमा जस्तै रहेको विभागकी महानिर्देशक मीरा आचार्यले बताइन् ।

उनकाअनुसार अहिले औसतमा दैनिक दुई हजार १०० जनाले श्रम स्वीकृति लिइरहेका छन् । 'अहिले हरेक दिन हाम्रोमा २१ सयको टोकन छ, त्यो सबै खपत भइरहेको छ,' उनले भनिन्, 'केही मुलुकको नयाँ श्रम स्वीकृति बन्द हुँदा पनि यति हुनु भनेको कम होइन । यद्यपि, अहिले पुनः श्रम स्वीकृति लिने बढी छन् ।'

सुरक्षा जोखिम बढेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत फागुन १६ गतेदेखि पश्चिम एसियाका १२ मुलुकका लागि श्रम स्वीकृति स्थगन गरेको थियो । पछि चैत ३ गते साउदी, कतार, युएई, ओमान, यमन, जोर्डन र टर्कीका लागि श्रम स्वीकृति नवीकरण खुला गऱ्यो । त्यसयता श्रम स्वीकृति नवीकरण गर्नेको संख्या बढेको आचार्यले बताइन् । 'प्रतिनिधिसभा चुनावका लागि र नियमित छुट्टीमा धेरै श्रमिकहरू नेपाल आउनुभएको थियो । उहाँहरू फर्किने क्रममा हुनुहुन्छ । त्यसको पनि प्रभाव हो,' उनले भनिन् ।

विगतका केही तथ्यांक हेर्दा वैदेशिक रोजगार क्षेत्र चलायमान नहुँदा रोजगारीमा जानेमध्ये श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको संख्या आधाभन्दा बढी हुने गरेको देखिन्छ । चालु आर्थिक वर्षको साउनमा वैदेशिक रोजगार क्षेत्र सामान्य थियो ।उक्त महिना पुनः श्रम स्वीकृति लिएर ३४ प्रतिशतको हाराहारीमामात्र श्रमिक गएका थिए । क्रमशः पृष्ठ २ मा



अहिले हरेक दिन करिब २१ सय टोकन खपत भइरहेको छ । केही मुलुकको नयाँ श्रम स्वीकृति बन्द हुँदा पनि यति हुनु भनेको कम होइन । यद्यपि, अहिले पुनः श्रम स्वीकृति लिने बढी छन् ।

**■ मीरा आचार्य**
महानिर्देशक, वैदेशिक रोजगार विभाग

## आफ्नै मातृभाषामा शपथ लिँदै २४ सांसद

नेपालीबाहेक तामाङ, नेपाल भाषा, थारू, मैथिली, भोजपुरी, संस्कृत, डोटेली, राना थारू, वान्तावा, मगही र अवधि भाषामा शपथ हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभामा २४ जना नवनिर्वाचित सांसदले मातृभाषामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्ने भएका छन् । उनीहरूलाई ज्येष्ठ सदस्य नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले यही १२ चैतको दिउँसो २ बजे शपथ ग्रहण गराउने भएका हुन् । सिंहदरबार परिसरभित्र निर्माणाधीन संघीय संसद् भवनको बहुउद्देश्यीय सभाकक्षमा सांसदहरूलाई शपथ गराउने कार्यक्रम तय भएको छ ।

संसद् सचिवालयले उपलब्ध गराएको विवरणअनुसार तामाङ, नेपाल भाषा, थारु, मैथिली, भोजपुरी, संस्कृत, डोटेली, राना थारु, वान्तावा, मगही र अवधि भाषामा नवनिर्वाचित सांसदहरूले शपथ ग्रहण गर्ने भएका हुन् । नेपाल भाषामा शपथ लिन नाम दर्ता गराउने सांसदहरू अनुष्का श्रेष्ठ, कृष्णभक्त शाक्य, गंगालक्ष्मी अवाल, मदनकृष्ण श्रेष्ठ, रुकेश रञ्जित र विराजभक्त श्रेष्ठ छन् ।

डोटेली भाषामा आकृति अवस्थी, दीपकराज बोहरा र हरिनादेवी कामीले शपथ लिने भएका छन् । मैथिली भाषामा उज्जवलकुमार झा, दीपककुमार साह (महोत्तरी), दीपककुमार साह (सुनसरी), प्रमोदकुमार महतो, मातृका यादव र सीताराम साहले लिने छन् ।

यसैगरी भोजपुरी भाषामा कन्हैया बनिया, थारु भाषामा गीता चौधरी र प्रमिलाकुमारी गच्छदार तथा राना थारुमा कृपाराम रानाले शपथ ग्रहण गर्ने भएको संसद् सचिवालयले जनाएको छ । तामाङ भाषामा परशुराम तामाङ, संस्कृत भाषामा खुश्बु ओली, मगही भाषामा जोगकुमार यादव र अवधि भाषामा मोहम्मद इस्तियाक राईले शपथ ग्रहण गर्ने भएका छन् । यस्तै, ध्रुवराज राईले वान्तावा भाषामा शपथ ग्रहण गर्ने भएका छन् ।

शपथसम्बन्धी ऐन २०७९ मा शपथको भाषासम्बन्धी व्यवस्था छ, जसअनुसार सांसदहरूले मातृभाषामा शपथ लिन पाउने छन् । शपथसम्बन्धी ऐनको दफा ५ मा भनिएको छ, 'शपथ लिँदा वा शपथ गराउँदा सरकारी कामकाजको नेपाली भाषामा लिनु वा गराउनुपर्ने छ ।' क्रमशः पृष्ठ २ मा

**नेपाल भाषा**
अनुष्का श्रेष्ठ, कृष्णभक्त शाक्य, गंगालक्ष्मी अवाल, मदनकृष्ण श्रेष्ठ, रूकेश रञ्जित, विराजभक्त श्रेष्ठ

**डोटेली भाषा**
आकृति अवस्थी, दीपकराज बोहरा, हरिनादेवी कामी

**मैथिली भाषा**
उज्जवलकुमार झा, दीपककुमार साह (महोत्तरी), दीपककुमार साह (सुनसरी), प्रमोदकुमार महतो, मातृका यादव, सीताराम साह

**तामाङ भाषा**
परशुराम तामाङ

**भोजपुरी भाषा**
कन्हैया बनिया

**थारु भाषा**
गीता चौधरी, प्रमिलाकुमारी गच्छदार

**राना थारु**
कृपाराम राना

**संस्कृत भाषा**
खुश्बु ओली

**मगही भाषा**
जोगकुमार यादव

**अवधि भाषा**
मोहम्मद इस्तियाक राई

**वान्तावा भाषा**
ध्रुवराज राई

# विश्व समुदायलाई संवादमार्फत शान्ति खोज्न जेजेएनको आह्वान

**काठमाडौं (प्रस)–** विश्वमा जारी युद्ध र द्वन्द्वका कारण मानव अस्तित्व नै संकटतर्फ धकेलिँदै गएको भन्दै जर्नालिस्ट्स फर जस्टिस नेपाल (जेजेएन) ले गम्भीर चिन्ता व्यक्त गरेको छ। संगठनले जारी द्वन्द्व तत्काल अन्त्य गरी संवाद र वार्तामार्फत समाधान खोज्न अन्तर्राष्ट्रिय समुदायसँग जोडदार आह्वान गरेको छ।

जेजेएनका अध्यक्ष टीकाराम खड्का र महासचिव बैकुण्ठप्रसाद भण्डारीको संयुक्त हस्ताक्षरमा जारी गरिएको विज्ञप्तिमा युद्धका कारण सर्वसाधारण नागरिक सबैभन्दा बढी प्रभावित भइरहेको उल्लेख गरिएको छ। बालबालिका, महिला, अपांगता भएका व्यक्तिहरू, सञ्चारकर्मी तथा निहत्था नागरिकहरूमाथि भइरहेका आक्रमण मानवीय मूल्य र अन्तर्राष्ट्रिय मान्यताविरुद्ध रहेको भन्दै शान्तिपूर्ण समाधान खोज्न आह्वान गरिएको हो।

विश्व शान्ति स्थापना गर्ने उद्देश्यले स्थापित संयुक्त राष्ट्रसंघको भूमिका पछिल्लो समय कमजोर बन्दै गएको उल्लेख गर्दै संगठनले यसको प्रभावकारिता कायम राख्न सबै राष्ट्रलाई जिम्मेवार बन्न आग्रह गरेको छ। साथै, अन्तर्राष्ट्रिय कानुनको पालना गर्न र एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति अपनाउन पनि अपिल गरिएको छ।

जेजेएनले विश्व समुदायलाई मानवीय मूल्य, एकता, पारस्परिक लाभ र साझा हितका आधारमा अघि बढ्न आग्रह गर्दै युद्धका त्रासदीभन्दा संवाद र सहकार्यको बाटो रोज्नुपर्नेमा जोड दिएको छ।

# न्याय माग्दै पीडितहरू महिला आयोगमा

**काठमाडौं (प्रस)–** हिंसापीडित महिलाका लागि न्याय माग गर्दै पीडित पक्षले राष्ट्रिय महिला आयोगमा नाराबाजी गरेका छन्।
‘महिला अधिकार सुनिश्चित गर,’ ‘महिला हिंसा अन्त्य गर,’ ‘महिला आयोग किन चुप ?,’ ‘इनिशा विक र रेश्मिका परियारलाई न्याय देऊ,’ ‘छोरीचेलीको रक्षा गर’ नाराका साथ पीडित पक्षले आयोगपरिसरमा नाराबाजी गरेका हुन्।

सुर्खेतकी इनिशा विकको बलात्कारपछि हत्यासम्बन्धी घटनाको शीघ्र छानबिन गर्नुपर्ने र खोटाङकी रेश्मिका परियारको बलात्कारपछि हत्या घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेका छन्। माइतीघर मण्डलामा न्यायका लागि धर्ना बस्दा पनि न्यायका लागि कुनै सुनुवाइ नभएको भन्दै पीडित पक्षले महिला आयोगको ध्यानाकर्षण गराएका हुन्।

पीडितपक्षको मागमा खोटाङ सेवा समाजले ऐक्यबद्धता जनाएको सचिव नवराज रोकाले जानकारी दिए। उनले पीडितले जतिसक्दो चाँडो न्याय पाउनुपर्ने र पीडकले कडाभन्दा कडा सजाय पाउनुपर्ने बताए।




## पृष्ठ १ बाट क्रमशः

### पहिलो...

मन्त्रिपरिषद् १५ जनाकोमात्र बनाउनुपर्ने पक्षमा बालेन उभिँदा सभापति लामिछानेले भने कम्तीमा १८ जना बनाउनुपर्ने प्रस्ताव राखेको रास्वपाका एक नेताले बताए। रास्वपा सरकारको पहिलो एजेण्डा सुशासन भएकोले प्रशासनिक सुधारमा बालेनको ध्यान केन्द्रित रहेको ती नेता बताउँछन्।

**विभिन्न प्रकरणका फाइल खोलिने**

पूर्ववर्ती सरकारको पालामा अदालत, अख्तियारदेखि विभिन्न क्षेत्रमा मुद्दाका चाङ लागेका छन्। ढिला न्याय सम्पादन, दण्डहीनताजस्ता विषयले गाँजेका कारण जनता असन्तुष्ट छन्। यी विषयलाई सम्बोधन गर्न बालेनले पार्टीगतभन्दा बेग्लै टिम बनाएर तयारी थालेको बताइन्छ।

पहिलो मन्त्रिपरिषद्ले भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहमा गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको तयारी गरेको छ। प्रतिवेदनले दोषी देखाएकालाई तत्कालै कारबाही गर्नेगरी बालेन नेतृत्वको सरकारले काम गर्ने जनाएको छ।

यो बीचमा राजनीतिक आडमा रोकिएका अनुसन्धानसमेत खोल्ने तयारी गरेको बताइन्छ। नयाँ सरकार आएसँगै अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभागसमेत सक्रिय हुने देखिएको छ। खासगरी नयाँ सरकारलाई खुसी बनाउन पनि यी विभागहरूले पुराना फाइल खोल्ने गरी काम गर्ने देखिन्छ।

राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलवाल सुशासनको पक्षमा उभिने दल आउँदा सरकारी निकायलाईसमेत काम गर्न सहज हुने बताउँछन्। ‘हामी विभिन्न विषयको अनुसन्धानमा हुन्छौं। सुशासनकै पक्षमा वकालत गर्ने दल आउँदा हामीलाई झन सहज हुने देखिन्छ। जति सहज हुन्छ, काम उसैगरी अघि बढ्छ,’ चिलवालले भने। राजनीतिक आडका कारण रोकिएका विभिन्न मुद्दा अब दबाबबाहिर रहेर अनुसन्धान अघि बढ्ने उनले बताए।

■■■

### परीक्षणमा...

उक्त रिटविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, कानुनका विद्यार्थी आयुश ढकाल र युवराज सफलले सर्वोच्चमा रिट दायर गरेका छन्। उक्त रिट सोमबार ‘हेर्दाहेर्दै’मा राखिएको छ।

महान्यायाधिवक्ता भण्डारीले दिएको निर्देशनअनुसार कास्की र रूपन्देही जिल्ला अदालतमा निवेदन पेस भए पनि सर्वोच्चमा मुद्दा विचाराधीन रहेका कारण सुनुवाइ हुन सकेको छैन। महान्यायाधिवक्ता कार्यालयको निर्देशनअनुसार काठमाडौं र पर्साका सरकारी वकिल कार्यालयले भने लामिछानेसहितको अभियोगपत्र संशोधनका लागि जिल्ला अदालतमा निवेदन दिएका छैनन्। सुशासनको पक्षमा ‘एक्सन’मा उत्रने तयारीमा रहेका बालेन्द्र (बालेन) शाह सरकारका लागि आफ्नै नेतृत्व तगारो बन्ने कानुनविद्हरूको तर्क छ।

■■■

### प्रधानमन्त्रीको...

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले भने डिम्ब तस्करी प्रकरणमा नाबालिग किशोरीहरूलाई आर्थिक प्रलोभनमा पारेर डिम्ब संकलन तथा बिक्री गर्ने संगठित गिरोहको रूपमा सेन्टर र महान्यायाधिवक्ता भण्डारीकै छोरी संलग्न भएको निष्कर्ष निकालेको थियो। सिआइबीले उक्त प्रकरणमा संलग्नलाई बालबालिकासम्बन्धी ऐन, २०७५ अन्तर्गत कारबाही गर्न सिफारिस गरेको थियो।

तर, महान्याधिवक्ता भण्डारीले उक्त मुद्दा नचलाउने निर्णय गत कात्तिकमै गरिन्। यस निर्णयलाई अझ विवादास्पद बनाएको डिम्ब तस्करीमा संलग्न क्लिनिकसँग उनको पारिवारिक र आर्थिक सम्बन्ध जोडिएको आरोपले हो। स्वार्थको द्वन्द्व देखिने मुद्दा नचल्ने निर्णय गरेको भन्दै उनी पहिलोपटक विवादित बनिन्।

राजनीतिशास्त्री डा. भेषराज घिमिरेले कार्की सरकारको आलोचना गर्दै भने, ‘यसले सन्देश दियो- जेन-जी विद्रोहपछि पनि सत्तासँग नजिक भएकाहरू कानुनी कारबाहीबाट बच्न सक्छन्।’

राजनीतिशास्त्री डा. घिमिरेको यो भनाइलाई सिद्ध पार्नेगरी महान्यायाधिवक्ता भण्डारीले अर्को विवादास्पद निर्णय गरिन्। त्यो निर्णय ३० पुसमा भयो। विवादपछि २ माघमा निर्णय सच्याइन्। निर्णय थियो- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दाको आरोपपत्र संशोधन गर्ने। उक्त निर्णयको उद्देश्य दुई गम्भीर मुद्दामा रविलाई उन्मुक्ति दिने भन्ने हो। सच्याएको निर्णयअनुसार भने रविमात्रै नभएर जिबी राईलगायतले पनि उन्मुक्ति पाउने हो। यो विवाद अहिले सर्वोच्च अदालतमा विचाराधीन छ। सोमबार अदालतले उक्त मुद्दा ‘हेर्दाहेर्दै’मा राखेको छ।

एकपछि अर्को विवादास्पद निर्णय गरेपछि न्यायिक प्रक्रियामाथि राजनीतिक प्रभाव परेको आशंका बलियो बनाएको छ। गम्भीर अपराधका अभियोगहरू यसरी प्रशासनिक निर्णयबाट हटाउन सकिने हो भने विधिको शासन कति प्रभावकारी रहन्छ भन्ने प्रश्न उठेको छ।

सरकारमाथि लागेको अर्को गम्भीर आरोप भनेको ठूला कर छली प्रकरणमा अस्वाभाविक उदारता देखाएको। हुन पनि राजस्व अनुसन्धान विभागले वर्ल्डलिंक कम्युनिकेसन्सले दूरसञ्चार सेवा शुल्क छल्दै करिब साच अर्ब ३६ करोड रूपैयाँबराबरको राजस्व चुहावट गरेको निष्कर्ष निकालेको थियो। अनुसन्धानपछि मुद्दा दायर गर्ने तयारी भइरहेका बेला उक्त प्रकरण महान्याधिवक्ताको कार्यालयमा पुगेपछि रोकियो र महान्यायाधिवक्ता भण्डारीले मुद्दा नचल्ने निर्णय गरिन्। उनले यो निर्णय गरेको आइतबारमात्रै हो।

यसले सरकारको भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धतामाथि गम्भीर प्रश्न उठाएको छ। साना करदातामाथि कडाइ गर्ने तर ठूला संस्थालाई उन्मुक्ति दिने प्रवृत्तिले कर प्रणालीप्रतिको विश्वास कमजोर पार्ने भन्दै महान्यायाधिवक्ता भण्डारीको आलोचना भइरहेको छ।

■■■

### नातावाद...

त्यसैगरी, बहालवाला गृहमन्त्रीलाई राष्ट्रिय सभामा पठाउने सिफारिस पनि विवादास्पद बन्यो। सरकारले ‘सुरक्षा चुनौती’को कारण देखाए पनि आलोचकहरूले यसलाई नातागोता र निकट सम्बन्धका व्यक्तिहरूको सत्तामा व्यवस्थापन भनेका छन्। यी सबै घटनाक्रमले सरकारप्रति जनविश्वासमा गिरावट हुँदै गएको छ। कार्की सरकार भने अबको एक साता पनि हुने छैन। तर, बिदाइ हुन लाग्दा प्रधानमन्त्री कार्कीको छविमा कालो धब्बा लागेको टिप्पणीकारहरूको भनाइ छ।

■■■

### विभागमा...

सोही महिनामा संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जम्मा ६८ हजार ११० जना रोजगारीमा जाँदा २३ हजार ६४४ जनाले पुनः श्रम स्वीकृति लिएका थिए। जबकि, जेन-जी आन्दोलनले भदौको अन्तिमबाट युएई रोजगारी करिब चार महिना बन्द भयो। त्यसबीचको कात्तिक महिनाको तथ्यांक हेर्दा ७३ हजार ९४ जना रोजगारीमा जाँदा ५० हजार ५८० अर्थात् ६९ प्रतिशतभन्दा बढी श्रम स्वीकृति नवीकरण गरेर गएको पाइन्छ।

त्यस्तै, आव २०७७/७८ मा रोजगारीमा गएकामध्ये ५६ प्रतिशतभन्दा बढी पुनः श्रम स्वीकृति लिएर गएकाहरू छन्। त्यस वर्ष कोरोना महामारीका कारण कूल एक लाख ६६ हजार ६९८ जनामात्र रोजगारीमा जाँदा ९४ हजार ६१७ जना श्रम स्वीकृति नवीकरण गरेर गएका थिए। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा रोजगार क्षेत्रमा कुनै ठूलो समस्या देखिएन। त्यस वर्ष आठ लाख ३९ हजार २२६ जना विदेसिँदा तीन लाख ३३ हजार ३० ९ जना अर्थात् ३९ प्रतिशत श्रम स्वीकृति नवीकरण गरेर गएका थिए।

अहिले इरान, इजरायल, कुवेत, लेबनान, बहराइन र इराकमा सबै प्रकारको श्रम स्वीकृति बन्द गरिएको छ। खाडी मुलुकहरूबाहेक मलेसिया, रोमानिया, जापान, दक्षिण कोरिया, साइप्रस, मरिसस, माल्दिभ्स, क्रोएसियालगायतका मुलुकमा बढी श्रमिक जाने गरेका छन्।

■■■

### आफ्नै...

सोही व्यवस्थाअनुसार आफूले शपथ खान चाहेको भाषाको विवरण संसद् सचिवालयमा दर्ता गराएका हुन्। मातृभाषामा शपथ लिन चाहने सांसदहरूलाई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-३ को ढाँचाको शपथको व्यहोरा सम्बन्धित भाषामा अनुवाद गरी सो अनुवादको प्रति शपथ कार्यक्रमभन्दा तीन दिन अगावै संघीय संसद् सचिवालयको सांसद सुविधा व्यवस्थापन शाखामा वा सो शाखाको इमेलमा उपलब्ध गराउन सचिवालयले अनुरोध गरेको थियो। त्यसअनुसार २४ सांसदले मातृभाषामा शपथ लिन चाहेको भन्दै नाम टिपाएको संसद्का प्रवक्ता एकराम गिरीले बताए।

मातृभाषामा शपथ लिने यो अभ्यासले नेपालको भाषिक विविधता र समावेशी लोकतन्त्रको अभ्यासलाई बलियो बनाएको विश्लेषण गरिएको छ। संविधानले प्रत्येक नागरिकलाई आफ्नो मातृभाषा प्रयोग गर्ने अधिकार सुनिश्चित गरेअनुसार सांसदहरूले त्यसको प्रयोग गरेका हुन्।

यस कदमले संसद्मा प्रतिनिधित्वमात्र होइन, पहिचान र सम्मान पनि झल्किने गरेको छ। मातृभाषासेवीहरूले भने लामो समयदेखि नेपाली भाषामै शपथ सीमित भएकोमा मातृभाषाबाट पनि शपथ लिने पाउने व्यवस्थाले लोकतान्त्रिक प्रणालीलाई थप मजबुत पार्ने बताउने गरेका छन्।

**बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित**

यस मखमली सा.व.उ.स. मरिण गा.पा. ४, सिन्धुलीबाट आ.व. २०७९/०८० र २०८०/०८१ मा उत्पादन भई खारखोला घुम्ती र खारखोला चौर, मरिण गा.पा. ४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ र २ को साल जातको गोलिया थान ४४ को ६८०.५० क्यू.फि गोलिया काठ र १.०० चट्टा दाउराको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ।

**श्री मखमली सा.व.उ.स., मरिण गा.पा.- ४, सिन्धुली**

**बागमती प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय ललितपुर**
**गोदावरी, नेपाल**

**गोलिया काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।१२।१० गते**

श्री सेन्ट जेभियर्स स्कुल, गोदावरी न.पा.३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरू कटान मुछान गरी उत्पादन भएको उत्तिस समेतको ५८८.९३ क्यु.फि. गोलिया काठ र १.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पतीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। बिस्तृत सूचना कार्यालयको वेभसाईट dfolalitpur.gov.np मा राखिएको तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सूचित गरिन्छ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**१५ (पन्ध्र) दिने सूचना, दोस्रो पटक प्रकाशित मितिः २०८२ माघ ४ गते**

**श्री ग्वासी समैजी सामुदायिक वन उपभोक्ता समूह** कृष्णपुर न.पा.-४ शिवपुर कञ्चनपुरको सामुदायिक वनको वन क्षेत्रबाट यस सा.व.उ.स.ले आर्थिक वर्ष २०८१/०८२ मा महाकाली सिचाई आयोजनाको तेस्रो चरणको मूल नहरमा परेका काठ र कु-काठ र दाउरा नियमानुसार सङ्कलन गरी समूहको घाटगद्दीमा रहेको सिसौ १४ थान गोलिया, सिमल १० थान गोलिया, अमला ६ थान गोलिया गजिँनडो २४ थान गोलिया, अन्य ४८ थान गोलिया, भेल्लर ४६ थान गोलिया, कञ्जु ८४ थान गोलिया काठ जम्मा लट नं.१ थान २३२ को परिमाण ११७७.७१ क्यू.फिट उक्त कु-काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बढाबढबाट वाह्य बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक सःमिलले यो सूचना दोस्रो पटकं प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र खरिद गरी १६ (सोह्र) दिनको १२:०० बजेभित्र नियमानुसार लटको शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा वा टेलिफोन नं. ९८६७५८९७२७/९७६९७७६०१२ मा सम्पर्क गर्नहुन जानकारी गराइन्छ।

**सच्याइएको बारे**

मिति २०८२।०९।०३ मा प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित हकदावीको सूचनामा **मेडिल्याण्ड इन्टरनेशनल प्रा.लि.** हुनपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development & Transport Management**
**Infrastructure Development Office**
**Kushma, Parbat**

**Re-Invitation for Bids**

**Date of publication: 2026-03-24 AD (2082-12-10 BS)**

We invite online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit e-Bid only as per instructions within the mentioned period.

| S. N. | Works Description | Contract ID | Estimated Amount with PS & VAT (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | Construction/Upgrading of Syanipokhari-Kaphalswanra-Chitre Road, Modi RM | IDO/PAR/ NCB/ W/ 37/ 082-83 | 48,72,668.79 | 1,25,000 |

**Bid Document Fee** : NRs. 3,000
**Bid Submission Deadline:** 2026-04-08 AD (2082-12-25 BS) 12:00 PM
**Bid Opening Date**: 2026-04-08 AD (2082-12-25 BS) 1:00 PM

***Information to deposit the cost of bidding document in Bank:***

**Name of Bank**: Nepal Bank Limited, Kushma
**Office Code No.** 3370142014
**Rajaswa Shirshak** No. 14229

**Name of Office:** Infrastructure Development Office, Parbat
**Office Account No.:** 27302000001001000001

**For Office Chief**

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म कम्पनीले भारत/चीनबाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| S.No | Goods Description | Brand | Model | Capacity | Country of Origin | Unit | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | LED TV | Dychi | DY-32SA1 / AS1 | 32" | China/India | Pc | 14500 |
| 2 | LED TV | Dychi | DY-43AS1 | 43" | China/India | Pc | 25200 |
| 3 | LED TV | Videocon | VD-32FA12 | 32" | China/India | Pc | 18000 |
| 4 | LED TV | Videocon | UHD43WO /VD-UHD43WO | 43" | China/India | Pc | 40000 |
| 5 | LED TV | Videocon | VD-43FA12 | 43" | China/India | Pc | 33000 |
| 6 | LED TV | Videocon Life | VD-3220S / VD32S | 32" | China/India | Pc | 18000 |
| 7 | LED TV | Videocon Life | VD43S | 43" | China/India | Pc | 31000 |
| 8 | LED TV | Videocon Life | UHD43WO /VD-UHD43WO /VD-QLED43GTV | 43" | China/India | Pc | 35000 |
| 9 | Air Condition | Videocon | AAC-12GHA / KAC-12GHA-N | 1200Btu | China/India | Pc | 52000 |
| 10 | Air Condition | Videocon | AAC-18GHA / KAC-18GHA-N | 1800Btu | China/India | Pc | 73000 |
| 11 | Air Condition | Videocon | AAC-24GHA / KAC-24GHA-N | 2400Btu | China/India | Pc | 83000 |
| 12 | Air Condition | Videocon | AAC-12IHA / KAC-12IHA-N | 1200Btu | China/India | Pc | 61000 |
| 13 | Air Condition | Videocon | AAC-18IHA / KAC-18IHA-N | 1800Btu | China/India | Pc | 78000 |
| 14 | Air Condition | Videocon | AAC-24IHA / KAC-24IHA-N | 2400Btu | China/India | Pc | 101000 |
| 15 | Refrigerator | Videocon | VD-SBS550 | 550 LTR | China/India | Pc | 93000 |
| 16 | Washing Machine | Videocon Life | VWM-8.0SAR | 8.0Kg | China/India | Pc | 18500 |
| 17 | Washing Machine | Videocon Life | VWM-8.0SGW/ GB | 8.0Kg | China/India | Pc | 20200 |
| 18 | VACUUM CLEANER | Videocon | VD1818F | 18 LTR | China/India | Pc | 7500 |
| 19 | VACUUM CLEANER | Videocon | VD2221F | 21 LTR | China/India | Pc | 8100 |
| 20 | VACUUM CLEANER | Videocon | VD1620i | 1600W | China/India | Pc | 7400 |
| 21 | VACUUM CLEANER | Videocon | VD2020i | 2000W | China/India | Pc | 8150 |
| 22 | Refrigerator | GEM | GRDN-70HSTV/TP/WP | 70 LTR | China/India | Pc | 18000 |
| 23 | Refrigerator | GEM | GRDN-120HSTV/TP/WP | 120 LTR | China/India | Pc | 20400 |
| 24 | Refrigerator | GEM | GRDN-1751BRTC/NBTC/HSTP | 185 LTR | China/India | Pc | 25200 |
| 25 | Refrigerator | GEM | GRDN-1751TRBTV/TRWTV/RBBTV/RBWTV | 185 LTR | China/India | Pc | 26280 |
| 26 | Refrigerator | GEM | GRDN-1751CABTV/CAWTV/BLBTV/BLWTV | 185 LTR | China/India | Pc | 26280 |
| 27 | Refrigerator | GEM | GRDN-1751QTRBTV/QTRWTV/QRBBTV/QRBWTV | 185 LTR | China/India | Pc | 26680 |
| 28 | Refrigerator | GEM | GRDN2051TRBTV/TRWTV/RBBTV/RBWTV | 195 LTR | China/India | Pc | 28000 |
| 29 | Refrigerator | GEM | GRDN2051CABTV/GLWTV/DHBTV/BLWTV | 195 LTR | China/India | Pc | 28000 |
| 30 | Refrigerator | GEM | GRDN2301BRTC/NBTC/HSTP | 210 LTR | China/India | Pc | 28800 |
| 31 | Refrigerator | GEM | GRDN2301SHWTV/SHBTV/DHBTV/DHWTV | 210 LTR | China/India | Pc | 29800 |
| 32 | Refrigerator | GEM | GRDN2301TRBTV/TRWTV/RBBTV/RBWTV | 210 LTR | China/India | Pc | 29800 |
| 33 | Refrigerator | GEM | GRDN2301QTRBTV/QTRWTV/QRBBTV/QRBWTV | 210 LTR | China/India | Pc | 29780 |
| 34 | Refrigerator | GEM | GRDN2301QPTBTV/QPTWTV | 210 LTR | China/India | Pc | 29780 |
| 35 | Refrigerator | GEM | GRDN2601TRBTV/TRWTV/RBBTV/RBWTV | 225 LTR | China/India | Pc | 30540 |
| 36 | Refrigerator | GEM | GRDN2601GLBTV/GLWTV/TRWTV/FBTV/QRBTV | 225 LTR | China/India | Pc | 30540 |
| 37 | Refrigerator | GEM | GRDN2601QPTBTV/QPTWTV/QRBBTV/QRBWTV | 225 LTR | China/India | Pc | 30540 |
| 38 | Induction | Videocon Life | VD-IND2200X | 2200W | China/India | Pc | 4800 |
| 39 | Infrared | Videocon Life | VD-INF2200X | 2200W | China/India | Pc | 4800 |

SHREE PASHUPATI ELECTRONICS PVT. LTD.
PUTALISADAK, KATHMANDU

EXIM Code: 3024933570105NP
Phone No: 4445223

# जलवायु परिवर्तनका कारण मौसमजन्य घटना बढ्दै

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा हेर्ने ) चिरञ्जीवी चटौतले जलवायु परिवर्तनका कारण बाढी, पहिरोलगायत चरम मौसमजन्य घटनाहरू बढ्दै जाँदा भविष्य नै जोखिममा परेको बताएका छन् ।

विश्व मौसम दिवस २०२६ का अवसरमा आयोजित कार्यक्रममा सचिव चटौतले जलवायु परिवर्तनका असरसँग जुध्न जल तथा मौसमजन्य घटनाका पूर्वसूचना प्रविधि र जलवायुमैत्री पूर्वाधार विकास आवश्यक रहेको बताए । उनले वैज्ञानिक तथ्यांकलाई प्रभावकारीरूपमा पूर्वसूचनामा रूपान्तरण गर्न सके मौसमजन्य घटनाबाट नागरिकको ज्यान जोगाउन सकिने धारणा व्यक्त गरे ।

'वैज्ञानिक तथ्यांकलाई समयमा नै पूर्वसूचनामा बदलेर जोखिम कम गर्न सकिन्छ । बाढीपहिरो, हिमताल विष्फोटबाट हुन सक्ने सम्भावित धनजनको क्षति कम गर्न सकिन्छ,' उनले भने ।

जल तथा मौसम सेवाहरूलाई आधुनिक, विश्वसनीय र प्रभावकारी बनाउन बहुपक्षीय सहकार्य अपरिहार्य रहेको सचिव चटौतले औंल्याए । साथै, सरकार, प्राविधिक निकाय र सरोकारवालाबीच समन्वय बलियो बनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । जलवायुजन्य जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली सुदृढीकरण, प्रविधिको प्रयोग विस्तार तथा संस्थागत सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् राजुधर प्रधानांग र वरिष्ठ जलविद् राम विकेशले संयुक्तरूपमा कार्यपत्र प्रस्तुत गर्दै अवलोकनदेखि सेवासम्मको मौसम प्रणालीको विकासक्रम, प्रविधिको प्रयोग तथा भविष्यका योजनाबारे जानकारी गराए । उनीहरूले पछिल्लो समय मौसमजन्य पूर्वसूचनाको अवलोकनदेखि सेवासम्म मौसम पूर्वानुमान प्रणाली सुदृढ हुँदै गएको बताए । अवलोकन, विश्लेषण, पूर्वानुमान र सेवामार्फत विपद् न्यूनीकरणमा प्रभावकारी योगदान पुऱ्याइरहेको उनहरूको भनाइ छ ।

विश्व मौसम दिवस २०२६ को सन्दर्भमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमा मौसमसम्बन्धी सही अवलोकनविना प्रभावकारी पूर्वानुमान सम्भव नहुने उल्लेख छ । वरिष्ठ मौसमविद् प्रधानांगले मौसमले उड्डयन, कृषि, स्वास्थ्य, दैनिक जनजीवन तथा विपद् व्यवस्थापनलगायत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विश्वसनीय तथ्यांक संकलन आवश्यक रहेको औंल्याए । उनका अनुसार देशभरका स्वचालित र 'म्यानुअल' मौसम स्टेसन, राडार, उपग्रह तथा रेडियोसण्डे प्रणालीमार्फत वास्तविक समयमै तथ्यांक संकलन गरिँदै आएको छ । संकलित तथ्यांकलाई गुणस्तर परीक्षण तथा विश्लेषण गरी पूर्वानुमान तयार पारिने गरिएको छ ।

संख्यात्मक मौसम पूर्वानुमान (एनडब्ल्युपी) प्रणालीमार्फत विभिन्न सरकारी निकाय तथा सरोकारवालालाई डेटा उपलब्ध गराउँदै आएको प्रधानांगको भनाइ छ । 'यसले यातायात, कृषि, पूर्वाधार विकास तथा विपद् व्यवस्थापनमा निर्णय लिन सहयोग पुऱ्याइरहेको छ,' उनले भने ।

हाल १२ घण्टा, २४ घण्टा, तीन दिन तथा साप्ताहिक पूर्वानुमान सेवा सञ्चालनमा रहेको छ । यस्तै, उड्डयन क्षेत्रका लागि विशेष मौसम सेवा, पर्वतारोहण पूर्वानुमान, कृषि मौसम सेवा तथा विशेष चेतावनी प्रणालीसमेत सञ्चालनमा छन् । विभागका अनुसार पछिल्ला वर्षमा प्रविधिको प्रयोग उल्लेखनीयरूपमा बढाइएको र स्वचालित मौसम स्टेसन, उन्नत उपग्रह, राडार प्रणाली तथा उच्च क्षमतायुक्त कम्प्युटर प्रणालीमार्फत पूर्वानुमानको शुद्धता सुधार गरिएको छ ।

सन् २०२१ देखि सुरु गरिएको प्रभावमा आधारित पूर्वानुमान प्रणालीले विशेषगरी मनसुनको समयमा जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाएको विभागले जनाएको छ । भविष्यमा पाँचदेखि सात दिनसम्मको पूर्वानुमान सेवा, निर्णय सहयोग प्रणाली, कृत्रिम बुद्धिमत्ता आधारित विश्लेषण तथा मोबाइल एपमार्फत सेवा विस्तार गर्ने योजना रहेको पनि कार्यक्रममा जानकारी दिइएको छ । जलविद् रायले बाढीसम्बन्धी पूर्वसूचनाका कारण सम्भावित जोखिम न्यूनीकरण भएको र धनजनको क्षतिसमेत कम भएको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिए । *रासस*

## सेतो मच्छिन्द्रनाथको रथयात्राको तयारी सुरू

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले यस वर्षको जनबहाःद्य (सेतो मच्छिन्द्रनाथको रथयात्रा) जात्रा सञ्चालनका तयारी थालेको छ । कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलको अध्यक्षतामा आइतबार बसेको बैठकमा रथयात्रा मार्ग व्यवस्थापन, धार्मिक, सांस्कृतिक तथा सामाजिक कामको समन्वय, शान्तिसुरक्षा गरिमालगायत विषयमा सम्बन्ध भएका निकायसँग छलफल भएको जानकारी दिइएको छ ।

जात्रा कामपाको नौवटा वडा (१, १९, २०, २१, २३, २४, २५, २७ र २८) मा सञ्चालन हुने बैठकमा जानकारी गराइएको छ । छलफलमा कार्यवाहक प्रमुख डंगोलले जात्रा सञ्चालनका लागि दिँदै आएको सहयोग रकम १० लाख रूपैयाँबाट २० लाख रूपैयाँ पुऱ्याइएको बताइन् । 'जात्रामा सहभागी श्रद्धालुलाई गरिमामय उत्सवको अनुभूति गराउने दायित्व सबै मिलेर बहन गरौं,' उनको भनाइ थियो ।

'चुस्त सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयले सुरक्षा संयन्त्र परिचालन गर्ने छ,' काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले भने, 'जात्राको भव्यता बढाउन स्थानीयदेखि साझेदार सबैसँग समन्वय गर्ने दायित्व कामपाले लिनुपर्छ ।'

जात्रा सञ्चालन हुने मार्गहरूको मर्मतसम्भार तथा सुधार, सरसफाइसहित व्यवस्थापनको काम कामपाले गर्ने छ । कामपाको सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले भने, 'जात्रा अवलोकनका लागि सहज वातावरण बनाउने काम गरौं ।'

सेतो मच्छिन्द्रनाथका मूल पुजारी एवं कामपाका पूर्ववडाध्यक्ष नीलकाजी शाक्यले यसको सन्देश विश्वलाई बुझाउनुपर्ने बताए । 'यसलाई अपनत्व गराउने गरी समन्वय गरौं,' उनले भने ।

जनवहाः द्यः जात्रा व्यवस्थापन समितिका संयोजक सुजीव बज्राचार्यका अनुसार यस वर्ष चैत १२ गते केलटोलबाट खटयात्रा सुरु हुने छ । त्यसै दिन राति १०:०० बजे राष्ट्रपति दर्शनका लागि असन आउने कार्यक्रम छ । १३ गते साँझ ५:०० बजे असनबाट बालकुमारी, केलटोल, इन्द्रचोकहुँदै हनुमानढोका पुऱ्याइने छ ।


## ऋषिङ्ग गाउँपालिका

तनहुँ

### जनहितमा जारी सूचना

१. जन्म, मृत्यु विवाह बसाई-सराई लगायतका व्यक्तिगत घटनाहरू आफ्नो वडा कार्यालयमा ३५ दिन भित्र दर्ता गराऔं ।
२. आफ्नो घर अगाडि सफा राखौ, पशु तथा चौपायाहरू छाडा नछाडौं ।
३. सार्वजनिक स्थल धारा, नाउला, खोला, पोखरी सधैं सफा राख्ने गरौं ।, खानेपानीको स्रोत नजिक फोहर नफालौं ।
४. खाद्य सामग्री वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसके पछि त्यसबाट निस्किएको धातु, प्लाष्टिक र सिसा लगायतका फोहरहरूलाई जथाभावी नफालौं । निश्चित स्थानमा जम्मा गर्ने गरौ ।
५. घर, अस्पताल, होटल, उद्योग तथा विभिन्न कार्यस्थलहरूबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौ ।
६. पालिकाबासीले तिरेको करबाटै विकास निर्माण कार्य हुने भएको हुनाले आफूले तिर्न पर्ने कर समयमै तिरौं ।
७. सवारी आवागमनमा अवारोध हुने गरी सडक सिमा भित्र जथाभावी सामानहरू थुपार्ने काम नगरौ ।



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना


सूचना प्रकाशित मितिः २०८२/१२/१०

**श्री पंचमान तामाङको** नाति, **श्री मैत तामाङको** छोरा, **बागमती प्रदेश, रामेछाप** जिल्ला **मन्थली न.पा** वडा नं. **१०** बस्ने **श्री सोम बहादुर तामाङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२८५७** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०८/०४** मा निज खातावाला **श्री सोम बहादुर तामाङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री दिल बहादुर तामाङले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री सोम बहादुर तामाङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३


## नेपाली मूलका विदेशी नागरिकलाई विमानस्थलमा छुट्टै डेस्क




**काठमाडौं (प्रस)–** विश्वभर छरिएर रहेका नेपाली मूलका नागरिक तथा गैरआवासीय नेपालीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छुट्टै डेस्क सञ्चालनमा ल्याइएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले विमानस्थलको आगमन र प्रस्थान कक्षमा विशेष डेस्क स्थापना गरी सेवा दिन सुरु गरेको हो । कार्यालयका प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेका अनुसार पहिला एनआरएन र भिसा फ्रि भएका मुलुक र व्यक्तिका लागि छुट्टै डेस्कको व्यवस्था गरिएको थियो । अब नेपाली मूलका विदेशी नागरिकलाई पनि अध्यागमनमा छुट्टै डेस्कको व्यवस्था गरिएको छ । नेपाली भाषा, संस्कृति र मातृभूमिप्रतिको सम्बन्ध अझ सुदृढ बनाउने, साथै पर्यटन र लगानी प्रवर्द्धन गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको उनले बताए ।

अध्यागमन विभागको यही चैत ८ गतेको निर्णयअनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको आगमन र प्रस्थानतर्फ नेपाली मूलका विदेशी नागरिकका लागि छुट्टै लाइन र अध्यागमन डेस्कको व्यवस्था गरिएको अध्यागमन कार्यालयद्वारा सोमबर जारी विज्ञप्तिमा उल्लेख छ ।

विश्वमा रहेका नेपाली मूलका नेपालीहरूको संस्था एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ)ले यसका लागि लामो समयदेखि सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो । गृह प्रशासनले आइतबार यो निर्णय गरेपछि संस्थाले स्वागत गरेको छ ।


## Kawasoti Municipality
## Office Of The Municipal Executive
**Gandaki Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2082/12/10**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ).

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount With VAT and PS (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 17/KM/SQ/ 2082/83 | Janpriya Tharu Sanskriti Basti Bikash kariyakram Antargat Purbadhar Starnotti kawasoti-13 | 90 days Sealed Bid | 24,98,503.31/- | 64000/- | 3000/- | 2083/01/10 till 12:00 Noon | 2083/01/10 at 1:00 PM |
| 2. | 18/KM/SQ/ 2082/83 | Dharmik pratakiya sthaal Pokari Taal Jane Bato aakarit Sahari Purbadhar Nirman Tatha starnotti | 90 days Sealed Bid | 69,94,145.08/- | 180000/- | 3000/- | 2083/01/10 till 12:00 Noon | 2083/01/10 at 1:00 PM |
| 3. | 19/KM/SQ/ 2082/83 | Upgrading of the premises of Siddheshwar Radhakrishna Panchayan Temple and construction of a Kriyaputri building kawasoti-8 | 90 days Sealed Bid | 24,97,341.92/- | 64000/- | 3000/- | 2083/01/10 till 12:00 Noon | 2083/01/10 at 1:00 PM |
| 4. | 20/KM/SQ/ 2082-83 | Ward office building Nirman ward no 17 Nirman | 90 days Sealed Bid | 46,62,555.85/- | 1,18,700.00/- | 3000/- | 2083/01/10 till 12:00 Noon | 2083/01/10 at 1:00 PM |
| 5. | 03/KM/SQ/ ORKS/ 2082/83 | Saraswati Ma.Vi Mosaic Tile Nirman Kawasoti-4 | 45 days Sealed Bid | 11,97,311.44 | 32000/- | 1000/- | 2082/12/25 till 12:00 Noon | 2082/12/25 till 1:00 Noon |
| 6. | 21/KM/NCB/ GOODS/ 2082/83 | Supply & Delivery of Agriculture Equipment, Materials Kawasoti Municipality | 90 days Sealed Bid | 30,04,300 | 76000/- | 3000/- | 2083/01/10 till 12:00 Noon | 2083/01/10 at 1:00 PM |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## रास्वपा सरकारले अपनाउनुपर्ने संयमता

झण्डै दुईतिहाइ बहुमत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अबको केही दिनमा नयाँ सरकार बनाउँदै छ । नयाँ सरकारको जोस हुन्छ, सुरुमै सुधारको संकेत देखाउन केही न केही नयाँ गरेर देखाउने । यसपटक काठमाडौं महानगरपालिकाको मेयर बनिसकेका बालेन्द्र (बालेन) शाह सरकारको नेतृत्वमा आउँदै छन् । उनीमात्र हैन रास्वपामा १८२ जनै सांसद नयाँ जोसका साथ आएका छन् ।

नयाँ सरकारलाई खुसी पार्न प्रशासनले पनि जोसिलो भएर काम गर्ने गर्छ । प्रशासन नेपालको स्थायी सरकार हो । के गर्दा को खुसी हुन्छ भन्ने कर्मचारी प्रशासनले राम्रैसँग नाडी छामेको हुन्छ । यही बेला प्रशासनिक निकायले राजनीतिक आडमा रोकिएको भन्दै विभिन्न फाइलहरू अघि बढाउन सक्छन् । जसले रास्वपाको नयाँ सरकारले वाहवाही पनि पाउने छ नै ।

राजनीतिक शक्तिलाई दोष लगाउने काम र जनताको पक्षमा काम गर्न बाधा पुऱ्याउने प्रमुख शक्ति प्रशासन पनि हो । बेलाबेला प्रशासनले राजनीतिक नेतृत्वलाई असफल बनाउन विभिन्न प्रपञ्चसमेत अपनाउने गरिन्छ । नयाँ सरकार आउँदा प्रतिशोध साँध्ने वातावरणसमेत प्रशासनले बनाउने गर्छ । यसैले यस्तो वाहवाहीको लोभमा भन्दा पनि अबको सरकारले संयमता अपनाउनुपर्ने हुन्छ । स्थायी सत्ता भनेको प्रशासन हो । जनताबाट जितेर आइसकेपछि सरकारको मन्त्रीमण्डलमा जानेहरू वास्तावमा प्रतिपक्ष बन्न सक्नुपर्छ । यसको मतलब सबैले जनताको पक्षमा, जनताले भोगेका समस्या र अवरोधहरू हल गर्न सरकार लाग्नुपर्छ ।

कुनै पनि निर्णय लिनुपूर्व प्रतिशोध हो या हैन, न्याय सम्पादन ठीक हो वा हैन भन्ने विषयमा विशेष ख्याल गर्नैपर्छ । नभए प्रशासन संयन्त्रमा लामो समय राज गरिबसेका कर्मचारीहरूको उक्साहटमा सानो निर्णयले सरकारलाई दीर्घकालीन असर पर्न सक्छ । रास्वपालाई पाँच वर्ष पूर्णरूपमा सरकार चलाउने जनमत छ । कुनै पनि कारण देखाउँदै राज्यसत्ता छाड्ने बाहनासमेत मिल्ने छैन । प्रतिपक्षीलाई ढुक्कसँग पाँच वर्ष नै सरकारमा जाने बाटो बन्द भएकोले अब रास्वपाले जनताको पक्षमा काम गर्नुपर्ने हुन्छ ।

यस्तो अवस्थामा रास्वपाले सरकारबाट कार्यसम्पादन गराउँदा, निर्णय गराउँदा प्रतिपक्षले जसरी छाया सरकार गठन गर्छ, त्यसैगरी सचेत पार्ने सांसदहरूको समूहसमेत गठन गर्नुपर्छ । नभए लोकप्रियतावादको हठमा प्रतिशोधको राजनीतिले आफैंलाई अप्ठेरो पर्न सक्छ । त्यसैले रास्वपाले यस्तो राजनीतिक संयन्त्र बनाओस्, जसले सरकारले गर्ने हरेक निर्णयको 'वाचडग'को काम गरोस् ।

# आत्महत्या रोकथाम तथा न्यूनीकरण



❑ रामहरि कार्की

"समाजमा आत्महत्यासम्बन्धी धेरै भ्रमहरु पनि पाइन्छन् । कतिपय मानिसहरु आत्महत्याबारे कुरा गर्ने व्यक्तिले त्यस्तो कदम चाल्दैन भन्ने विश्वास गर्छन्, तर वास्तविकता भने फरक हुन्छ । धेरैजसो आत्महत्या गर्ने व्यक्तिहरुले पहिले नै त्यसबारे संकेत दिएका हुन्छन् वा कुरा गरेका हुन्छन् । त्यस्तै, आत्महत्याको सोच स्थायी हुँदैन; धेरै अवस्थामा यो क्षणिक हुन्छ र उचित सहयोग पाएमा व्यक्ति पुनः सामान्य जीवनतर्फ फर्कन सक्छ । आत्महत्याबारे खुलेर कुरा गर्दा जोखिम बढ्छ भन्ने धारणा पनि गलत हो, किनभने खुला संवादले व्यक्तिलाई राहत महसुस गराउँछ र सहयोग खोज्न प्रेरित गर्छ ।

मानसिक स्वास्थ्य आजको विश्वको महत्त्वपूर्ण सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा देखापरेको छ । जीवनशैलीमा आएको परिवर्तन, सामाजिक दबाब, आर्थिक समस्या, पारिवारिक तनाव तथा व्यक्तिगत असफलताजस्ता कारणले मानिसहरू मानसिक तनावको अवस्थामा पुग्ने सम्भावना बढ्दो छ । यस्ता परिस्थितिमा केही व्यक्तिहरू निराशा र हताशाको चरम अवस्थामा पुगेर आत्महत्याजस्तो दुःखद निर्णय लिन बाध्य हुने गरेका छन् । त्यसैले आत्महत्या रोकथाम तथा न्यूनीकरण आजको समाजका लागि अत्यन्त संवेदनशील र आवश्यक विषय बनेको छ ।

आत्महत्या भन्नाले व्यक्तिले आफ्नो जीवन अन्त्य गर्ने उद्देश्यले गरेको कार्यका कारण मृत्यु भएको अवस्थालाई जनाउँछ । त्यस्तै, आफ्नो जीवन अन्त्य गर्ने उद्देश्यले गरिएको तर मृत्यु नभई समाप्त भएको कार्यलाई आत्महत्याको प्रयास भनिन्छ । यससँग सम्बन्धित अर्को अवस्था आत्महानि हो, जसमा व्यक्तिले आफैंलाई चोट, पीडा वा हानि पुऱ्याउने कार्य गर्छ, तर त्यसको मुख्य उद्देश्य मृत्यु नै हुने आवश्यक हुँदैन । यी तीनै अवस्थाले व्यक्तिको मानसिक अवस्था र सामाजिक परिस्थितिलाई संकेत गर्छन् ।

नेपालमा आत्महत्याका घटनाहरू पछिल्ला वर्षहरूमा बढ्दो क्रममा देखिएका छन् । नेपाल प्रहरीको तथ्यांकअनुसार सन् २०१४ मा चार हजार ५०४ जनाले आत्महत्याका कारण ज्यान गुमाएका थिए भने सन् २०१५ मा यो संख्या चार हजार ३३२ पुगेको थियो । सन् २०१६ मा चार हजार ८८०, सन् २०१७ मा पाँच हजार १२४, सन् २०१८ मा पाँच हजार ३१७, सन् २०१९ मा पाँच हजार ७१७ र सन् २०२० मा छ हजार २७१ जनाको मृत्यु आत्महत्याका कारण भएको तथ्यांकले देखाउँछ । यसैगरी सन् २०२१ मा यो संख्या झन् बढेर सात हजार १४१ पुगेको थियो भने सन् २०२२ मा केही घटेर छ हजार ७९२ मा सीमित भएको देखिन्छ । सन् २०१५ देखि २०२० सम्म आत्महत्याका घटनामा औसत ७.४ प्रतिशतका दरले वृद्धि भएको पाइन्छ भने सन् २०२१ मा यो वृद्धि करिब १४ प्रतिशत पुगेको थियो । यद्यपि, सन् २०२२ मा केही कमी आएको देखिए पनि समस्या अझै गम्भीर नै रहेको छ । दैनिक २१ जनाभन्दा बढीले आत्महत्या गरेको प्रहरी प्रधान कार्यालयको तथ्यांकमा छ । विश्व स्वास्थ्य संगठनको अनुसार विश्वमा प्रत्येक २५ सेकेण्डमा एक जनाले आत्महत्या गर्दछन् ।

तथ्यांकले देखाउँछ कि आत्महत्याका घटनामध्ये करिब ६५ प्रतिशत मानसिक समस्याका कारण हुने गरेका छन् । मानसिक, आर्थिक, प्रेममा असफलता, बेरोजगारी, पारिवारिक विवाद, मादकपदार्थको सेवनजस्ता कारणहरूले व्यक्तिलाई गहिरो मानसिक संकटमा पुऱ्याउन सक्छन् । यस्ता परिस्थितिमा व्यक्तिले आफूलाई असहाय, निराश र एक्लो महसुस गर्दा आत्महत्याको सोच आउन सक्छ ।

यस समस्यालाई न्यूनीकरण गर्न नेपालमा आत्महत्या रोकथाम हेल्पलाइन सेवा ११६६ सञ्चालनमा ल्याइएको छ । यस हेल्पलाइनमार्फत संकटमा परेका व्यक्तिहरूलाई तत्काल मनोसामाजिक परामर्श र सहयोग प्रदान गरिन्छ ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार विश्वमा सबैभन्दा धेरै आत्महत्याका घटना भारतमा हुने गरेको देखिएको छ । सन् २०२२ मा भारतमा दुई लाख २० हजारभन्दा बढी मानिसले आत्महत्या गरेका थिए, जसमध्ये करिब एक लाख ५८ हजार पुरुष रहेका छन् । प्रतिवेदनले दक्षिण तथा पूर्वी एसियालाई आत्महत्याको उच्च दर भएको क्षेत्रका रूपमा उल्लेख गरेको छ । विश्वभर हुने कूल आत्महत्यामध्ये करिब ३९ प्रतिशत घटना यही क्षेत्रका निम्न तथा मध्यम आय भएका देशहरूमा हुने गरेको पाइन्छ । विशेषगरी कृषिमा आधारित समाजमा विषादी सेवन आत्महत्याको प्रमुख माध्यमका रूपमा प्रयोग हुने गरेको उल्लेख गरिएको छ ।

प्रहरीको तथ्यांकले नेपालमा भएका आत्महत्यामध्ये ७५ प्रतिशत विवाहितहरूले गरेको देखाइएको छ । आत्महत्यामध्ये धेरैजसो विष सेवनबाट देखिएको छ । दोस्रोमा झुण्डिएर भएको कुरा विभिन्न तथ्यांकले देखाएको छ । पाटन मानसिक अस्पतालका डा. बासुदेव कार्कीका अनुसार आत्महत्या बढ्नुका पछाडि मनोसामाजिक तथा मानसिक समस्याहरू मुख्य कारण हुन्छन् । विशेषगरी गम्भीर डिप्रेसन, आर्थिक समस्या, सम्बन्धमा तनाव, जीवनका असफलता र एक्लोपनाले आत्महत्याको जोखिम बढाउँछन् । समयमै देखिने पूर्वसंकेत बुझेर साइकोथेरापी, औषधि वा परामर्श सेवा लिएमा जोखिम घटाउन सकिन्छ । उनका अनुसार आत्महत्याको प्रयास महिलामा बढी देखिए पनि मृत्यु हुने घटनामा भने पुरुषहरूको संख्या बढी रहेको पाइन्छ ।

मानसिक स्वास्थ्य राम्रो भएको व्यक्तिमा केही सकारात्मक संकेतहरू देखिन्छन् । यस्तो व्यक्तिले अरूसँग सकारात्मक सम्बन्ध कायम राख्न सक्छ, समय र वातावरणअनुसार आफूलाई अनुकूल बनाउन सक्छ तथा जीवनमा आइपर्ने सामान्य कठिनाइ र तनावलाई व्यवस्थापन गर्न सक्छ । उनीहरू भावनात्मकरूपमा सन्तुलित रहन्छन्, आफ्नो क्षमताअनुसार योजना बनाउँछन् र समुदायमा उत्पादनशील कार्य गर्न सक्षम हुन्छन् । साथै, यस्ता व्यक्तिहरूमा वास्तविक सोचाइ र सकारात्मक दृष्टिकोण पनि पाइन्छ ।

तर केही जोखिम कारकहरूले व्यक्तिलाई आत्महत्यातर्फ धकेल्न सक्छन् । रक्सी वा लागुपदार्थको दुर्व्यसन, स्किजोफ्रेनियाजस्ता मानसिक रोग, विगतमा आत्महत्याको प्रयास गरेको इतिहास, पारिवारिक पृष्ठभूमि तथा घातक साधनहरूमा सहज पहुँच यस्ता जोखिम कारकहरू हुन् । त्यसैगरी द्वन्द्व, प्रकोप, हिंसा, दुर्व्यवहार, डिप्रेसन, एक्लोपन तथा प्रिय व्यक्ति वा वस्तु गुमाउनुजस्ता घटनाहरूले पनि आत्महत्याको जोखिम बढाउन सक्छन् ।

आत्महत्याको जोखिम भएका व्यक्तिमा केही व्यावहारिक संकेतहरू देखिन सक्छन् । उनीहरू प्रायः आफूलाई आशाविहीन, असहाय वा अयोग्य महसुस गर्न थाल्छन् । कहिलेकाहीँ उनीहरू एक्कासि अत्यधिक खुसी वा अत्यधिक दुःखी देखिन सक्छन् । मृत्यु वा आत्महत्यासम्बन्धी कुरा गर्नु, आफूलाई हानि पुऱ्याउने व्यवहार गर्नु, विषादी वा औषधिजस्ता साधन खोज्नु, परिवार वा साथीहरूलाई बिदाइ भेट गर्नु, सम्पत्ति बाँड्नु वा अन्तिम इच्छा लेख्नु पनि जोखिमका संकेत हुन सक्छन् । त्यस्तै, लागुपदार्थको अत्यधिक प्रयोग पनि गम्भीर चेतावनीको संकेत हुन सक्छ ।

यद्यपि, केही सकारात्मक पक्षहरूले आत्महत्याको जोखिम घटाउन मद्दत गर्छन् । बलियो सामाजिक सम्बन्ध, परिवारप्रतिको जिम्मेवारी बोध, सहयोग लिन तयार हुने व्यवहार, नियमित शारीरिक अभ्यास तथा जीवनमा उद्देश्यको अनुभूतिजस्ता पक्षहरूलाई सुरक्षात्मक तत्व मानिन्छ । साथै, भविष्यप्रति आशा राख्ने र स-साना कुरामा पनि सकारात्मकता देख्ने व्यक्तिहरूमा आत्महत्याको जोखिम कम हुने सम्भावना हुन्छ ।

समाजमा आत्महत्यासम्बन्धी धेरै भ्रमहरू पनि पाइन्छन् । कतिपय मानिसहरू आत्महत्याबारे कुरा गर्ने व्यक्तिले त्यस्तो कदम चाल्दैन भन्ने विश्वास गर्छन्, तर वास्तविकता भने फरक हुन्छ । धेरैजसो आत्महत्या गर्ने व्यक्तिहरूले पहिले नै त्यसबारे संकेत दिएका हुन्छन् वा कुरा गरेका हुन्छन् । त्यस्तै, आत्महत्याको सोच स्थायी हुँदैन; धेरै अवस्थामा यो क्षणिक हुन्छ र उचित सहयोग पाएमा व्यक्ति पुनः सामान्य जीवनतर्फ फर्कन सक्छ । आत्महत्याबारे खुलेर कुरा गर्दा जोखिम बढ्छ भन्ने धारणा पनि गलत हो, किनभने खुला संवादले व्यक्तिलाई राहत महसुस गराउँछ र सहयोग खोज्न प्रेरित गर्छ ।

आत्महत्याको जोखिम भएका व्यक्तिलाई सहयोग गर्ने तरिका पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस्तो अवस्थामा सबैभन्दा पहिले जोखिमका कारणहरूको मूल्यांकन गर्नु आवश्यक हुन्छ । व्यक्तिलाई सीधै सोधेर उसको अवस्था बुझ्न सकिन्छ, किनभने खुला संवादले उसको पीडा व्यक्त गर्न मद्दत गर्छ । साथै, आत्महत्यासम्बन्धी कुनै पनि धम्की वा संकेतलाई गम्भीररूपमा लिनुपर्छ । कुरा गर्नका लागि सुरक्षित वातावरण बनाउनु, पर्याप्त समय दिनु तथा सहानुभूतिका साथ सुन्नु अत्यन्त आवश्यक हुन्छ ।

समग्रमा हेर्दा आत्महत्या रोकथाम एउटा सामूहिक जिम्मेवारी हो । परिवार, साथीभाइ, समुदाय, स्वास्थ्य संस्था, सञ्चारमाध्यम तथा सरकारी निकायहरूले संयुक्तरूपमा प्रयास गरेमा धेरै जीवन बचाउन सकिन्छ । समयमै समस्या पहिचान गर्नु, मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्नु, परामर्श सेवा उपलब्ध गराउनु तथा सकारात्मक सामाजिक वातावरण निर्माण गर्नु आत्महत्या न्यूनीकरणका महत्त्वपूर्ण उपाय हुन् । त्यसैले आत्महत्या रोकथाममा हामी सबैको सक्रिय भूमिका आवश्यक हुन्छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।






✍ बैकुण्ठ भण्डारी

# मुखमा राम राम, बगलीमा छुरा !

'ए थाहा पाइस् ? त्यसलाई पनि भ्रष्टाचार मुद्दा लागे छ नि !,' कृष्णले किरणलाई भने । कृष्णको भनाइ सुनेर किरणले भने, 'हो र ? त्यस्तो मान्छे त थिएनन् त ! कति ज्ञानी, कति सज्जन थिएन कसरी परे छन् त हो ती भ्रष्टाचार मुद्दामा ?'

'खै ! यी हेर त यहाँ रिलमा पूरै भाइरल भएको छ,' कृष्णले किरणलाई थपे । यसो मुण्टो तन्काएर कृष्णको मोबाइलमा किरणले आँखा लगाए । एउटी केटी घाँटी सक्ने गरी एक मिनेटजति फलाक्दै थिई । सायद उसलाईबाहेक अरुलाई यो खबर नै थाहा छैन । अनि भ्रष्टाचारको मुद्दा दायर भएको व्यक्तिले निकै ठूलो अपराध गरेर जेल नै गइसकेको जस्तो ।

'यस्तै हो,' किरणले सान्त्वना दिँदै भने, 'शक्ति र सत्ता हुँदा यिनकै अघिपछि लाग्छन् अनि थोरै तलमाथि भयो भने अपराधी नै बनाउँछन् । यो पनि त्यस्तै होला ।'

'खै ! त्यस्तो होला र अहिलेको अवस्थामा ? कतै न कतै चुकेका थिए होलान् र त मुद्दा नै दर्ता भयो होला त,' कृष्णले थपे ।

'मुद्दा दर्ता हुँदैमा पूरै अपराधीकरण गर्ने हाम्रो बानी भएर हो । कतिपय इमान्दार मानिसहरूलाई पनि मुद्दा लाग्ने अनि फेरि फुकुवा हुने गरेको पनि छ नि । यहाँ त सामाजिक सञ्जाल चलाउने नै न्यायाधीश बनिदिन्छन् । अनि अपराधी भगवान् बन्छन् । इमान्दारलाईचाहिँ डाका बनाइदिन्छन् !,' किरणले आफ्नो मत राखे ।

'त्यस्तो हुँदैन होला । सबै कुरा छानबिन नगरी त मुद्दा के हाल्लान् र हो ? हावा नचली पात हल्लँदैन भन्ने हाम्रो उखान नै छ नि,' कृष्णले भने ।

'हो हुनु त ! हावा नलागी पात हल्लँदैन । तर कहिलेकाहीँ रुखै हल्लाएर पनि पात हल्लाउने हाम्रा सामाजिक सञ्जाल छन् नि त ! बाहिर एउटा कुरा, भित्र अर्कै कुरा,' किरणले अलि बुझाउने किसिमले भने । 'हामीमा यति धेरै प्रजातन्त्र आको छ कि, कुरै नगरौं । जसलाई जे मन लाग्छ त्यही गर्ने पाउने । त्यही भएर पनि मलाई त कतिपय कुरा विश्वास नै लाग्दैन ।'

'तपाईंले विश्वास नगरेर के गर्ने गर्ने ? यसरी मोबाइलमै आइसकेपछि सबैले विश्वास गर्छन् । अहिले केटाकेटीदेखि बूढापाकाले पनि यही मोबाइल नै हेरेर निर्णय गर्ने हो । को कस्तो थियो, के छ भन्ने कुरा बुझ्न छाडिसके,' कृष्णले पनि आफ्नै अनुभव सुनाए ।

'जुन जोगी आए पनि कानै चिरेका भनेजस्तै हो । हल्लाखल्ला गर्छन् । साना-साना पहुँच नभएकाहरूलाई बद्नाम गराउँछन् । पहुँच भएकाहरूले जति लुटे पनि कसैको आँखा लाग्दैन । हामीले सबै बुझेका छौं, तर हामीले बुझेर नहुने,' किरणले सुनाए ।

'त्यही त... । दिनदिनै यसलाई भ्रष्टाचार, उसलाई भ्रष्टाचार भनेको सुनिन्छ । तर जेल गाको त कोही देखिँदैन । घुस नखाने मान्छे पनि भेटिँदैन । खरिदारदेखि सचिवसम्म, ठेकेदारदेखि हकदारसम्मले यो वा त्यो बहानामा कमिसन हानेका छन् । तर कुरा कहाँ बिग्रेको छ क्या ?,' निकै खुल्दुली हुनेगरी कृष्णले सोध्छ ।

किरणले हाँस्दै भन्छ, 'यी सब 'मुखमा राम राम, बगलीमा छुरा' भनेजस्तै हो । अर्बौं कर छली कसरी हुन्छ ? जाँदाजाँदै सरकारमा बस्नेहरूले गर्ने गैरकानुनी नियुक्ति पनि त भ्रष्टाचार नै त हो । कसरी सेटिङ हुन्छ भनेर छर्लंगै छ । त्यसकारण यो मुद्दासुद्दा भन्ने कुरा छाड्नुस् ।'

'त्यसो भनेर कहाँ हुन्छ ? हेर्नुस् त यत्रा युवा मरेर परिवर्तन भएको छ । अब त परिवर्तन हुनुपऱ्यो नि ! उही मान्छेमात्र फेरियो भने त के काम र ?,' कृष्णले प्रश्न उठाए ।

'सबैको आशा त्यही नै हो । सुशासनका लागि युवाहरू लडे । भ्रष्टाचारका विरुद्ध सबै लडे । शक्तिको दुरूपयोग गर्नेहरूका विरुद्ध रगत बगाए । अब फेरि उही दोहोरिने छैन भन्ने मलाई विश्वास छ । अब पनि मुखमा एउटा र व्यवहार अर्को गर्न थाले भने त कोही बाँकी रहँदैनन्,' किरणले आशावादी हुँदै भने ।

'त्यस्तो होला र ?,' उत्साहपूर्वक कृष्ण सोधे ।

'के हुन्छ के हुँदैन भन्ने होइन । समय हो, जे पनि हुन सक्छ । सोचेजस्ता पनि हुन सक्छ । हामीले कल्पना गरेकोभन्दा फरक पनि हुन सक्छ । किनकि, यहाँ त 'मुखमा राम राम, बगलीमा छुरा' बोकेर हिँड्नेहरूको भीड छ,' किरणले भने ।

'त्यसो भए के गर्ने त ?,' कृष्णले फेरि सोधे ।

किरणले हाँस्दै भने, 'खासमा मेरो भनाइ मान्ने हो भने अब बन्ने सरकारको पहिलो निर्णय नै भिआइपीका नाममा पद सकिएपछि खरानी नहुञ्जेलसम्म दिने सुविधा कटौती गर्नुपर्छ ।'

'ओहो ! गज्जबको कुरा गर्नु भो तपाईंले । तर त्यसो गर्लान् र ? आफैंले पनि लिनु छ,' कृष्णले भने ।

'ल... त्यसो गर्न नसक्ने हो भने त पुराना र नयाँमा के फरक भो र ?,' किरणले भने ।

'जेन-जी विद्रोहले मागेकै सुशासन होइन र ? एकपटक प्रधानमन्त्री वा विशिष्ट पदमा पुगेपछि जीवनभर राज्यको ढुकुटी रित्याएर सुविधा लिइरहने होइन । पदमा रहुञ्जेल राज्यले दिएको सुविधा लिने, पद छाडेपछि सर्वसाधारण बन्ने । त्यसो गरेमात्र राज्य राज्यजस्तो हुन्छ । नत्र फेरि उही हो । मुखमा राम राम बगलीमा छुरा,' किरण खित्का छाडेर हाँस्छन् ।

'ठिकै हो कुरा । अब रामराज्य बनाउने भनेरै होला रामनवमीको दिन पारेर सत्ता सम्हाल्दै छन् क्यार ! राम लक्ष्मण बनवास जाँदा पनि भरतले राज्य चलाएका हुन् ! अहिले त्यही रामराज्य होस् भने ड्याम- ड्याम आँखा चिम्म गरेर जिताएर पठाएका छन् । उही पहिलेकै जस्तो सुविधाभोगी बन्ने, राज्यको ढुकुटी रित्याउने अनि आर्यघाट पुगुञ्जेलसम्म सुविधा लिइरहनेगरी बसे भने तिनलाई पनि तिलको पहाड बनाएर तालुमा आलु पलाइहाल्छन् नि,' कृष्णले निष्कर्ष निकाले ।

'जे हुन्छ राम्रैका लागि हुन्छ भन्ने गीताको सारलाई बुझौं । मुखमा राम राम, बगलीमा छुरा नगरौं । अहिलेलाई बिदा होऔं,' किरण जुरुक्क उठेर हिँडे ।



**तापक्रम मापन गरिंदै** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित जल तथा मौसम विज्ञान विभाग, सिनप्टिक फिल्ड केन्द्र घोराहीपरिसरमा रहेका ताप मापन यन्त्रमा तापक्रम तथा वर्षा मापन गर्दै कार्यालय प्रमुख श्रेया रिजाल । *तस्बिरः रासस*

# अस्पताल भवन अलपत्र पार्ने ठेकेदारको गाडी नियन्त्रणमा



**खोटाङ–** हलेसी तुवाचुङ नगरपालिकाले आधार भूत अस्पतालको भवन अलपत्र पार्ने ठेकेदारको गाडी नियन्त्रणमा लिएको छ । हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थान (हलेसी)मा निर्माणाधीन आधारधूत अस्पतालको भवन अलपत्र पार्ने निर्माण कम्पनी नमूना/हिमालयन जेभी विराटनगरका ठेकेदार रमेश बस्नेतको बागमती प्रदेश १६ च ६८०२ नम्बरको गाडी नगरपालिकाले नियन्त्रणमा लिएको हो ।

आवश्यक निर्माण सामग्री तथा जनशक्तिको व्यवस्थापन गरेर ठेक्काबमोजिमको काम सुरु नभएसम्म गाडी, गाडीको चाबी र सवारीसाधन दर्ता प्रमाणपत्र नियन्त्रणमा लिएको नगरप्रमुख विमला राईले जानकारी दिइन् । '२०८० सालमै बनिसक्नुपर्ने १५ शयचाको आधारभूत अस्पताल भवन निर्माणको काम हालसम्म अलपत्र छ । भवनको पहिलो चरणको कामसमेत पूरा भएको छैन,' उनले भनिन्, 'काममा निरन्तरता नदेखिएको तथा पटक-पटक लिखित एवं मौखिक जानकारी गराउँदा पनि प्रगति नभएपछि नगरपालिकाले गाडी कब्जामा लिएको हो । गाडी नियन्त्रणमा लिएको विषयमा जिल्ला प्रशासन कार्यालयलाई पनि लिखित जानकारी पठाइसकिएको छ ।'

नगरप्रमुख राईले चैत ८ गते चालकलाई आफ्नो कार्यकक्षमा बोलाएर गाडीको चाबी नियन्त्रणमा लिएर प्रहरीलाई बोलाएकी थिइन् । अस्पताल भवन निर्माणको काममा सुरुबाटै ढिलासुस्ती गर्ने निर्माण कम्पनीका ठेकेदारलाई नगरपालिकाले यही चैत १२ गतेदेखि पुनः सुरु गराउने लिखित प्रतिबद्धतापत्रमा हस्ताक्षर गराएको छ ।

यही चैत १२ गतेदेखि सुरु गरेर ४५ दिनभित्र कम्तीमा बेसमेन्ट कभर स्ल्याब ढलान सक्ने, ६० दिनभित्र फर्स्ट फ्लोर स्ल्याब तथा अर्को ६० दिनभित्र सेकेण्ड फ्लोर स्ल्याब ढलानको काम सम्पन्न गर्ने प्रतिबद्धता गराइएको नगर प्रवक्ता कमल गिरीले जानकारी दिए । प्रतिबद्धताअनुसार काम नगरे नियमानुसार कारबाही भोग्ने तथा कतै उजुरबाजुर नगर्ने कागजमा हस्ताक्षर गराइएको उनको भनाइ छ ।

ठेकेदारलाई पटक-पटक फोन गर्दा नउठाएपछि नगरप्रमुख राईले हिउँदे नगरसभामार्फत 'ब्ल्याकलिस्ट'मा राख्ने मेसेज पठाएपछि निर्माण कम्पनी नमूना/हिमालयन जेभी विराटनगरका ठेकेदार बस्नेत नगरपालिकाको सम्पर्कमा आएका थिए । नमूना/हिमालयन जेभीले २०८० साउन ८ गतेसम्ममा काम सम्पन्न गर्नेगरी २०७८ साउन ८ गते अस्पताल भवन बनाउने ठेक्का सम्झौता गरेको थियो । तर सम्झौता म्याद नाघेको दुई वर्ष बितिसक्दा पनि अस्पतालको भवन जगभन्दा माथि उठ्न सकेको छैन ।

भवन निर्माण योजना सुरु गरेपछि ठेकेदार कम्पनीले सम्बन्धित निकायबाट चार करोड ११ लाख २८ हजार रूपैयाँ भुक्तानी लिएका थिए । भुक्तानी लिएपछि भवन निर्माणको काम अलपत्र पारेर ठेकेदार कम्पनी सम्पर्कविहीन भएका थिए । भूगोलका कारण डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था आएको तर, उक्त डिजाइन मन्त्रालयले स्वीकृति गर्न ढिलाइ गरेकाले अस्पताल भवन अलपत्र परेको ठेकेदार कम्पनीले बताउँदै आएको छ ।

नेपाल सरकारको नीतिअनुसार चार वर्षअघि जिल्लाका १० मध्ये छ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्नेगरी शिलान्यास गरिएको थियो । हलेसी तुवाचुङ नगरपालिका तथा जन्तेढुंगा, केपिलासगढी, ऐसेलुखर्क, रावाबेँसी र साकेला गाउँपालिकामा एकैसाथ आधारभूत अस्पताल निर्माणको काम थालिएको हो ।

हलेसी तुवाचुङ नगरपालिका, जन्तेढुंगा, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा १५/१५ शयचा तथा रावाबेँसी गाउँपालिकामा १० र साकेला गाउँपालिकामा पाँच शयचाको अस्पताल शिलान्यास गरिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले निर्धारण गरेको कार्यक्रमअनुसार २०७७ मंसिर १५ गते जिल्लाका चार स्थानीय तहमा एकै दिन अस्पताल शिलान्यास गरिएको हो ।

हलेसी तुवाचुङ नगरपालिका तथा जन्तेढुंगा, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा मंसिर १५ गते तथा केपिलासगढीमा मंसिर २३ गते शिलान्यास गरिएको थियो भने साकेला गाउँपालिकामा निर्माण गरिने अस्पताल विनाशिलान्यास काम सुरु गरिएको थियो । साकेला गाउँपालिकामा सञ्चालित कुनै पनि योजना औपचारिक शिलान्यास तथा उद्घाटन नगर्ने तत्कालीन गाउँपालिका प्रमुख अर्जुनकुमार खड्काको प्रतिबद्धताअनुसार बिना शिलान्यास काम सुरु गरिएको हो । *रासस*

# हिमपातले किसानलाई राहत



**मुस्ताङ–** मुस्ताङमा जारी सिजनको छैटौंपटकको हिमपातले यहाँका किसान र पशुपालक व्यवसायीलाई राहत मिलेको छ । यस वर्ष अनुकूल समयमा पटक-पटक हिउँ परेकाले यहाँका किसान र पशुपालक व्यवसायीले राहतको महसुस गरेका हुन् ।

शुक्रबार राति माथिल्लो मुस्ताङसहित मुक्तिनाथ क्षेत्रलगायतका विभिन्न स्थानमा भारी हिमपात भएको हो । घरपझोङ र थासाङ गाउँपालिकामा भने उच्च लेकमा हिमपात भयो भने बस्ती क्षेत्रमा वर्षा भएको हो । शुक्रबार राति परेको भारी हिमपातका कारण माथिल्लो मुस्ताङ, वारागुङ मुक्तिक्षेत्रसहित घरपझोङ र थासाङ क्षेत्रका उच्च लेकका चरन क्षेत्र पूरै हिउँले ढाकिएका छन् । मुक्तिक्षेत्र र माथिल्लो मुस्ताङमा बस्तीमा हिमपात भएकाले खेतीयोग्य भूभाग सबै हिउँले ढाकिएका छन् ।

घरपझोङ गाउँपालिका-५ ठिनी गाउँमाथि ठूलो चरन क्षेत्र रहेको उच्च लेक सेताम्मे हिउँले ढाकिएको छ । घरपझोङ-५ ठिनीका पशुपालक किसान च्याङबहादुर थकालीले हिउँले ठिनी गाउँमाथिको झप्सा, यारुझो भ्युटावर, नमखुलेक र तिलिचो पदमार्गको मेसोकोन्दो पास पूरै सेताम्मे भएको जानकारी दिए ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण अनुकूल समयमा हिउँ नपर्दा उच्च लेकका चरन क्षेत्रमा घाँस अभाव हुने गरेकामा यस वर्षको हिउँले स्थानीय पशुपालक किसानलाई राहत मिलेको च्याङबहादुर थकाली बताउँछन् । हुरीबतासबिनाको हिउँ परेकाले चरन क्षेत्रमा पूरै हिउँले ढाकिँदा पर्याप्त मात्रामा पशुचौपायाका लागि घाँस पलाउने उनको भनाइ छ ।

मुस्ताङमा विगत तीन वर्षदेखि निरन्तर अनुकूल समयमा हिउँ नपर्दा चरन क्षेत्रमा घाँस अभाव हुनाले पशुपालन व्यवसाय नै संकटमा पर्न थालेको उनको भनाइ छ । जलवायु परिवर्तनका कारण उच्च लेकमा जमिनको तापमान वृद्धि हुँदा हिमनदी र पानीका मुहान सुक्दै जान थालेकाले उच्च लेकमा अनधिकृत घाँस पलाउने गर्दा पशुचौपायालाई असर पुऱ्याउने गरेको किसान थकालीले उल्लेख गरे ।

त्यसैगरी, अनुकूल समयमा हिमपात भएकाले चरन क्षेत्रमा पर्याप्त घाँस हुने भएकाले हिउँ चितुवाको आहारा प्रजाति बस्ती नझर्ने भएकाले वन्यजन्तुको जोखिमसमेत कम हुने किसान थकालीको भनाइ छ ।

यस्तै, यस वर्षको अनुकूल हिमपातले यहाँका कृषि पेसा अपनाउँदै आइरहेका किसानलाई पनि ठूलो राहत पुऱ्याएको छ । अनुकूल समयमा परेको हिउँ लामो समयसम्म स्थिर रहने भएकाले खेतीयोग्य जमिनको भित्री तहसम्म रिचार्ज भई सिञ्चित हुने भएकाले हिउँदयामको हिउँ किसानका लागि बरदान भएको थकालीले सुनाए । 'खेतबारीमा उत्पादन हुने रैथाने उवा, जौं, गहुँ र हरियो तरकारी रोपण गरिएको छ, स्याउको पनि फूल फुल्ने बेला हुँदै छ,' उनले भने, 'यसपटक लगातार छपटकसम्म परेको हिउँले पूरै जमिनलाई चाहिने आवश्यक तत्व प्राप्त भइसकेको छ, स्याउको फूल फुल्ने बेला हिउँ नपरोस् ।'

अनुकूल समयमा परेको हिउँले अन्नबाली र फलफूलखेतीमा लाग्ने विभिन्न रोग कीराको संक्रमणलाई न्यूनीकरण गर्ने भएकाले हिउँ अन्नबाली र फलफूल उत्पादनका लागि अर्ग्यानिक विषादी भएकाले यहाँका किसान उत्साहित भएको उनले बताए ।

मुस्ताङमा पर्यटकीय याममा जारी सिजनको छैटौंपटक हिमपात भएकाले मुस्ताङ भ्रमण गर्ने पर्यटक पनि उत्साहित भएको पाइएको छ । किसान थकालीले पर्यटकयाममा मुस्ताङमा हिमपात भएकाले हिउँ हेर्न र हिउँ खेल्ने उद्देश्यसहित मुस्ताङ भ्रमण गर्ने पर्यटकको संख्यामा वृद्धि हुने दाबी गरे । *रासस*

# बागमतीमा 'एक जिल्ला, एक स्वस्थ सहर' घोषणा गरिँदै

**भक्तपुर–** बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशका १३ वटै जिल्लालाई 'एक जिल्ला, एक स्वस्थ सहर' घोषणा गर्ने तयारी गरिएको छ । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले कुराकानीमा स्वास्थ्य मन्त्रालयले प्रत्येक जिल्लाको एउटा सहर वा पालिकालाई स्वस्थ्य सहर बनाएर घोषणा गर्नेगरी अभियान सञ्चालन गरेको जानकारी दिए ।

यसका लागि प्रदेशका १३ वटै जिल्लाका जनस्वास्थ्य कार्यालय प्रमुख, जिल्ला अस्पतालका प्रमुख एवं प्रतिनिधिलगायत सरोकार भएका निकायलाई स्वस्थ, सुरक्षित र दिगो सहर निर्माणका लागि आवश्यक कार्ययोजना तयार गर्ने विषयमा छलफल तथा अभिमुखीकरणसमेत सम्पन्न गरिसकेको उनले जानकारी दिए । अभिमुखीकरण अनुसार आवश्यक तयारी थाल्न उनले सरोकार भएका सबैलाई निर्देशन दिए ।

प्रदेशका प्रत्येक जिल्लामा स्वास्थ्यमैत्री वातावरण निर्माण गर्ने, स्वास्थ्यका अत्यावश्यक पूर्वाधार पुऱ्याउने, जिल्लाका नागरिकको स्वास्थ्य, सरसफाइ तथा जीवनस्तर अभिवृद्धि गर्ने, सहज स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनेगरी 'एक जिल्ला एक स्वस्थ सहर' निर्माण अभियानलाई अगाडि बढाउने निर्णय गरिएको मन्त्री थापामगरले उल्लेख गरे ।

प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा गौतमले स्वास्थ्य क्षेत्रको प्रभावकारी कार्यान्वयन, उपलब्धि मूल्यांकन तथा सुधारका अवसरको पहिचान गरी प्रत्येक जिल्लालाई स्वस्थ्य सहर निर्माण गरी स्वस्थ्य नागरिक बनाउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको धारणा राखे ।

उनले बागमतीलाई स्वास्थ्य क्षेत्रमा नमूना प्रदेश बनाउने लक्ष्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवहारिक, दिगो र परिणाममुखी बनाउनेगरी योजना तर्जुमा गरिएको जानकारी दिए । प्रदेशका १३ वटै जिल्लामा स्वास्थ्य सेवामा गुणस्तरीय बनाउने, पहुँच विस्तार, जनचेतना वृद्धि तथा प्रविधिको प्रभावकारी प्रयोग गर्दै प्राथमिकताका क्षेत्र निर्धारण गरी प्रदेशको समग्र स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने लक्ष्य लिइएको उनको भनाइ छ ।

प्रत्येक नागरिकले उपचार आफ्नै जिल्लाका अस्पतालमा सहज रूपमा पाउने गरी व्यवस्था गर्दै अस्पताललाई उपकरण, प्रविधिमैत्री बनाउनेगरी व्यवस्थापनको तयारी थालिएको स्वास्थ्य सचिव गौतमले जानकारी दिए । स्वस्थ्य सहर, स्वस्थ्य नागरिकका लागि प्रदेश स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालन गर्नेगरी प्रत्येक जिल्लामा तयारी गरिएको उनले बताए । *रासस*

# लुम्बिनी–बुटवल–देवदह–भैरहवामा धम्मयात्रा हुँदै



**रूपन्देही (प्रस)–** लुम्बिनी केन्द्रित '५०० कुलपुत्र प्रव्रज्या' कार्यक्रमअन्तर्गत लुम्बिनी, बुटवल, देवदह र भैरहवामा धम्मयात्रा आयोजना हुने भएको छ । सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा यही चैत १३ र १४ मा धम्मयात्रा हुने र यात्रामा ५०० नवप्रव्रजित सामणेर तथा भिक्षुको सहभागिता रहने जानकारी दिइयो ।

अखिल नेपाल भिक्षु महासंघ र धम्मकाय फाउण्डेसनको सहयोगमा सञ्चालन हुने कार्यक्रममा थाइ धर्मदूत इण्डिया-नेपाल, बौद्ध समाज नेपालसहित करिब २० वटा संस्थाको सहकार्य रहने बौद्ध समाज नेपालका अध्यक्ष शंकर गाहाले जानकारी दिए ।

उनका अनुसार चैत १३ गते बिहान ७:०० बजे देवदह र बुटवलबाट धम्मयात्रा सुरु हुने छ । यात्रा देवदह बुद्ध विहारबाट सुरु भई पूर्वपश्चिम राजमार्गहुँदै विभिन्न स्थान पार गर्दै सेमहानासम्म पुग्ने छ भने बुटवलमा उपमहानगरपालिकाकार्यालयपरिसरबाट सुरु भई अमरपथ, बिपी चोकहुँदै थकाली सेवा समाज भवनसम्म यात्रा गरिने छ ।

सोही दिन अपराह्न ३:०० बजे लुम्बिनीमा धम्मयात्रा आयोजना गरिने छ । गेट नम्बर चारबाट सुरु हुने यात्रा बुद्ध जन्मस्थल क्षेत्र, शान्तिदीप हुँदै अन्तर्राष्ट्रिय बौद्धसभा तथा ध्यान केन्द्रसम्म पुग्ने कार्यक्रम छ । चैत १४ गते भैरहवामा दिउँसो २:०० बजे सिद्धार्थ रंगशालाबाट सुरु हुने धम्मयात्रा देवकोटा चोक र बुद्ध चोकहुँदै लुम्बिनी गेटमा पुगेर समापन हुने छ । सोही स्थानमा अपराह्न ४:०० बजे मुख्य कार्यक्रम आयोजना गरिने छ ।

आयोजकका अनुसार गौतम बुद्धले बुद्धत्व प्राप्तिपछि राजगृहबाट २० हजार भिक्षुसहित कपिलवस्तुसम्म गरेको ऐतिहासिक पदयात्राको स्मरणमा धम्मयात्रा आयोजना गरिएको हो । उक्त पदयात्रालाई विश्वकै पहिलो आन्तरिक शान्ति पदयात्राका रूपमासमेत लिने गरिन्छ ।

यसअघि लुम्बिनीमा सम्पन्न अल्पकालीन कुलपुत्र प्रव्रज्या कार्यक्रममा ५०० जनालाई प्रव्रज्या प्रदान गरिएको थियो । प्रव्रज्या ग्रहण गरेपछि सामणेर अर्थात् अल्पकालीन भिक्षु बन्ने गरेका छन् । भन्ते थावरका अनुसार सामणेर र भिक्षुले धम्मयात्रा गर्दा धर्मचक्षु पलाउने, करुणा र मैत्रीभाव विकास हुने विश्वास गरिएको छ ।

अल्पकालीन भिक्षुहरूले पहेँलो चीवर धारण गरी बुद्ध धर्मका १० वटा शील पालना गर्नुपर्ने छ । सामान्य अनुयायीहरूले पञ्चशील र अष्टशील पालना गर्ने भए पनि सामणेरहरूले करिब २० दिनसम्म पूर्णरूपमा अनुशासित जीवनशैली अपनाउनुपर्ने हुन्छ । पूर्णभिक्षु बन्नका लागि भने २२७ नियम पालना गर्नुपर्ने व्यवस्था रहेको छ ।

'धम्म' र 'यात्रा' शब्द मिलेर बनेको धम्मयात्राको अर्थ 'कुशल कर्मतर्फ उन्मुख यात्रा' भन्ने रहेको छ । यस्तो यात्राले धार्मिक तथा आध्यात्मिक चेतना अभिवृद्धि गर्नुका साथै समाजमा सहिष्णुता, समानता र अनुशासनको सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ । आयोजकहरूले यस कार्यक्रममार्फत बौद्ध धर्मको संरक्षण तथा प्रवर्द्धनका साथै धार्मिक पर्यटनमासमेत टेवा पुग्ने विश्वास गरेका छन् ।


## फाल्गुनन्द गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/१२/१० गते**

यस कार्यालयको मिति:२०८२।११।०५ गते पहिलो पटक प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMW/NCB/ 05/2082/83 | Construction of Siddeshwari School building works. phalguanda-04 | LMB Nirman Sewa pvt. ltd.,panchthar | 65,67,830.04 NPR | |
| २. | PRMW/NCB/ 06/2082/83 | Construction of sartap Manoratna school building works. phalgunanda-03 | LMB Nirman Sewa pvt. ltd.,panchthar | 65,67,830.04 NPR | |

प्रभाव दैनिक

रूपशाला

## सुनिल थापाको अन्तिम फिल्म 'पहाड'को गीत सार्वजनिक

वरिष्ठ निर्देशक तुलसी घिमिरेको निर्देशनमा तयार भएको चलचित्र 'पहाड' को पहिलो गीत 'मोहनी लगाउने' सार्वजनिक गरिएको छ । यो चलचित्र दिवंगत अभिनेता सुनिल थापाको अन्तिम अभिनय रहेको चलचित्रका रूपमा दर्ज भएको छ । सार्वजनिक गरिएको गीतमा भारती घिमिरे, साकार आप्टे, अश्मिता अधिकारी र मदनकृष्ण श्रेष्ठको स्वर रहेको छ । तुलसी घिमिरेको यस बहुप्रतिक्षित चलचित्रमा सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, शिव श्रेष्ठ, विपिन कार्की, रवीन्द्र सिंह बानियाँ, प्रियंका कार्की, पञ्चमी घिमिरे र अरूण क्षेत्री लगायतका दिग्गज तथा चर्चित कलाकारहरूको अभिनय रहेको छ ।



मंगलबार, १० चैत २०८२ (Tuesday, 24 March 2026)

# चलचित्र निर्माणमा 'एआई'को प्रयोगबारे दुईदिने कार्यशाला सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं** – नेपाली चलचित्रलाई प्रविधिमैत्री बनाउने उद्देश्यले काठमाडौंमा 'सिनेम्याटिक एआई: फ्रम स्क्रिप्ट टु स्क्रिन विथ आर्टिफिसियल इन्टेलिजेन्स' विषयक दुईदिने कार्यशाला सुरु भएको छ । चलचित्र विकास बोर्ड र नेपाल एआई फिल्म एलायन्स (नाइफा)को सहकार्यमा आयोजित उक्त कार्यशालामा दुई सय बढी चलचित्रकर्मीको सहभागिता रहेको छ ।

चावहिलस्थित चलचित्र विकास बोर्डको प्रेक्षालयमा सञ्चालन भइरहेको कार्यशालाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले एआईले चलचित्र क्षेत्रमा नयाँ सम्भावना सृजना गरेको बताए । उनले एआईको प्रयोगसँगै मानवीय सृजनशीलताको भूमिका अझ महत्वपूर्ण हुने धारणा व्यक्त गरे ।

त्यसैगरी, नाइफाका अध्यक्ष करूण थापाले एआईले फिल्म निर्माणलाई सर्वसुलभ बनाएको बताए । उनका अनुसार पहिले फिल्म बनाउन ठूलो बजेट, उपकरण र जनशक्ति आवश्यक पर्ने भए पनि अहिले 'आइडिया' र इन्टरनेटको सहायताले कोठामै बसेर पनि चलचित्र निर्माण सम्भव भएको उल्लेख गरे ।

कार्यशालामा सहभागीहरूलाई आइडियाबाट स्क्रिप्ट, स्क्रिप्टबाट इमेज, इमेजबाट भिडियो र अन्ततः पूर्ण चलचित्र तयार पार्ने प्रक्रियाबारे अभ्यास गराइएको छ । साथै साउन्ड डिजाइन, सम्पादन, कलर करेक्सन तथा भिएफएक्समा एआईको प्रयोगबारे पनि जानकारी दिइएको छ । कार्यक्रममा नाइफाका तर्फबाट करुण थापा, शिव पुरी, मौसम पुरी र अजय शर्माले दुई दिनसम्म प्रशिक्षण दिनेछन् ।

# पलको 'यानीमाया'मा फेरिए निर्देशक

■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'यानीमाया'का निर्देशक परिवर्तन भएका छन् । फिल्मको घोषणा हुँदा निर्देशक रहेका विकास सुवेदीको ठाउँमा ओम प्रतीक भित्रिएका हुन् । सोमबार पलसँग कागजी सम्झौतापछि प्रतिकले फेसबुकमा तस्बिर पोस्ट गरेर 'यानीमाया' निर्देशन गर्न लागेको जानकारी दिएका हुन् ।

अभिनेता पल शाहको निर्माण तथा मुख्य भूमिका रहने फिल्म गत वैशाख १ गते घोषणा भएको थियो । घोषणा भएको एक वर्षसम्म पनि फिल्म सुटिङमा जान सकेको छैन । फिल्मको टोली गत साउन महिनामा छायाङ्कनका लागि बागलुङको ढोरपाटन समेत पुगेको थियो। तर, अन्तिम समयमा निर्माता र निर्देशक सुबेदीबिच उत्पन्न आन्तरिक मतभेदका कारण फिल्मको काम हुन सकेको थिए ।

निर्देशक प्रतीकले नै पल शाहलाई 'मोहर' जस्तो हिट फिल्म दिएका थिए । निर्देशक परिवर्तन भएसँगै फिल्मको कास्टिङमा पनि फेरबदल हुनसक्ने चर्चा सुरु भएको छ ।

पल शाह फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको यो फिल्ममा पलका साथै चन्द्रज्योति आले पनि निर्माताका रूपमा रहेकी छिन् । यसअघि आफ्नै कम्पनीबाट थुप्रै म्युजिक भिडियो निर्माण गरिसकेका पलले 'यानीमाया'मार्फत फिल्म निर्माणमा देखिन लागेका हुन् । फिल्मको छायांकन छिट्टै हुने बताइन्छ ।

रंगशाला

साफ यू-२० च्याम्पियनसिप

# नेपालको विजयी सुरुवात

## भुटानविरुद्ध २-१ ले नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालले साफ यु-२० च्याम्पियनसिपमा विजयी सुरुआत गरेको छ । आइतबार उद्घाटन खेलमा नेपालले भुटानमाथि २-१ को संघर्षपूर्ण जित हासिल गरेको हो । माल्दिभ्सको राजधानी मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा सम्पन्न समूह 'ए'को खेलमा नेपाललाई जित दिलाउन स्ट्राइकर सुजन डंगोल र अट्याकिङ मिडफिल्डर सुवास बमले गोल गरे । भुटानका लागि धेनदुप ग्यालसेनले गोल फर्काए ।

खेलको तेस्रो मिनेटमै नेपालले 'इन्डाइरेक्ट' फ्रिकिक प्राप्त गरेको थियो । पाँचौं मिनेटमा उक्त अवसरलाई सुजनले सदुपयोग गरेका हुन् । भुटानी गोलकिपर तानदीन पेन्जोरले आफ्नै सहकर्मीले दिएको बललाई हातले छुँदा नेपालले इन्डाइरेक्ट फ्रिकिक पाएको थियो । पाएको अवसरमा नेपालले चलाखीपूर्ण ढंगबाट लियो । पाँच खेलाडी संलग्न रहेको बलमा अन्तिम प्रहार सुजनको रह्यो । सुजनले 'न्यर पोस्ट'मा बललाई जाली चुमाए ।

खेलको १४औं मिनेटमा नेपाली गोलकिपर पेम्बा नोर्बु भोटेलाई फउल गर्न पुग्दा भुटान १० खेलाडीमा सिमित भयो । थिनले येजर दोहोरो पहेँलो कार्ड खाँदै मैदानबाट बाहिरिए । 'वान म्यान एडभान्टेज' को फाइदा भने नेपालले लिन सकिरहेको छैन । इन्जुरी समयमा कप्तान धर्वेन्द्र कुंवर गोलको निकै करिब रहे । तर, दोस्रो बारमा उनले गरेको 'अटेम्प्ट' बाहिरियो ।

खेलको ५२औं मिनेटमा सुवासले बक्स बाहिरबाट सनसनीपूर्ण ढंगबाट गोल गरे । उनको प्रहारले पहिलो बारको टप कर्नर जाली चुमेको थियो । त्यसअघि दोस्रो हाफको सुरुआती मिनेटमा धर्वेन्द्रले निशान राज लावतको फ्रिकिक क्रसलाई सदुपयोग गर्न सकेनन् । उनको 'फर्स्ट अटेम्प्ट' प्रहार बाहिरिएको थियो ।

निर्धारित समय सकिन सात मिनेट बाँकी रहँदा धेनदुपले सुन्दर गोल गर्दा भुटानले खेलमा फर्किने संकेत देखायो । उनले केल्देन डोर्जेको कटब्याकलाई सदुपयोग गरे अनि दोस्रो बारमा अटेम्प्ट गरे । उनको प्रहारलाई पेम्बाले रोक्न सकेनन् । त्यसपछि निर्धारित समयको ७ मिनेट र थप गरिएको ६ मिनेटमा नेपालमाथि दबाब बनाएपनि भुटानले गोल गर्न भने सकेन । अब नेपालले बुधबार श्रीलंकासँग खेल्नेछ ।

## फुटबल प्रतियोगिता स्थगित हुँदा क्लब जोखिममा

**काठमाडौं (प्रस)**– संकटा फुटबल क्लबले राष्ट्रिय फुटबल प्रतियोगिता सञ्चालन गर्न माग गरेको छ ।

क्लबले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष इद्रमान तुलाधरले अखिल नेपाल फुटबल संघ (एन्फा)ले प्रतियोगिता स्थगित गर्दा लगानी जोखिममा परेको बताए ।

यही चैत ५ गते अध्यागमन विभागले श्रम स्वीकृति बिना विदेशी खेलाडीलाई सहभागी नगराउनु भन्दै एन्फालाई पत्र काटेपछि एन्फाले राजधानीमा चलिरहेको राष्ट्रिय पुरुष लिग र महिला फुटबल प्रतियोगिता अर्को सूचना जारी नगरुन्जेलसम्म स्थगित गरेको थियो । संकटाले भने आफ्नो क्लबमा विदेशी खेलाडीहरूको श्रम स्वीकृति प्रक्रिया पूरा गरी एन्फलालाई बुझाएको अध्यक्ष तुलाधरको भनाइ छ ।

हालको आर्थिक भार, प्रतियोगिता अनिश्चित तथा व्यवस्थापनमा देखिएको चुनौतीले क्लबलाई प्रत्यक्ष असर परेको छ । त्यसैले सम्बन्धित निकाय तथा सरोकार पक्षले विशेष ध्यान दिन आवश्यक रहेको क्लबको भनाइ छ ।

प्रतियोगिता यथाशीघ्र सञ्चालन गर्न, विदेशी खेलाडीको श्रम स्वीकृति तत्काल प्रदान गर्न माग गरेको छ ।

# फिफा वरीयतामा सात स्थान सुधार



**काठमाडौं** – पछिल्ला ५ खेलमा नतिजा दिन नसकेको नेपाली राष्ट्रिय फुटबल टोलीले फिफा वरीयतामा ७ स्थान सुधार गरेको छ ।

फुटबलको सर्वोच्च निकाय फिफाले आफ्नो अफिसियल वेभसाइडमा सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल १७५औं स्थानमा पुगेको हो । आधिकारिक वरीयता भने १ अप्रिलमा सार्वजनिक गरिने फिफाले जनाएको छ। नेपाल यसअघि १८२औं स्थानमा थियो ।

नेपालले पछिल्ला ५ खेलमा ३ हार र २ बराबरी खेलेको छ । ६ सेप्टेम्बर २०२५ मा बंगलादेशसँग घरेलु मैदानमा भएको मैत्रीपूर्ण खेलमा नेपालले गोलरहित बराबरी खेलेको थियो ।

९ र १४ अक्टोबर २०२५ मा भएको एएफसी एसियन कप छनोट २०२७ अन्तर्गत भियतनामविरुद्धको दुई खेलमा क्रमश : ३-१ र १-० को हार बेहोरेको थियो ।

यस्तै, १३ नोभेम्बर २०२५ मा बंगलादेशसँग भएको अर्को मैत्रीपूर्ण खेलमा २-२ को बराबरी खेलेको थियो। १८ नोभेम्बर २०२५ मा एएफसी एसियन कप छनोट २०२७ अन्तर्गत मलेसियासँगको खेलमा भने नेपाल १-० ले पराजित भएको थियो ।

**मलेसियामा रोजगार** कम्पनी : KAWEKAWA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 339780 | चलानी नं. ६०२४५६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६४,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १७ गते (31st March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

**युएइमा रोजगार** कम्पनी : RANJANA GENERAL CONTRACTING-L.L.C-O.P.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०९ | LT. No. 313493 | चलानी नं. ६०२२७८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rigger (Gcc) | 5 | 0 | 1600 | ६५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Gcc | 1 | 0 | 1200 | ४८,९४९ | | | | | | | |
| 3. | Welders (Cs, Tig, Mig, Arc, Ss, Cn) | 2 | 0 | 1600 | ६५,२६५ | | | | | | | |

कम्पनी : SAN SQUARE INTERIORS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०९ | LT. No. 321724 | चलानी नं. ६०२३५८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixture | 1 | 0 | 1200 | ४८,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 1 | 0 | 1200 | ४८,९४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १७ गते (31st March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## ऋषिङ्ग गाउँपालिका

तनहुँ

### जनहितमा जारी सूचना

१ मेघ गर्जन हुँदा सकभर घरभित्रै बसौं ।
२ विद्युत प्रवाह हुने वस्तुहरु जस्तै: धातुजन्य वस्तु, फलाम, तामा, तारहरु आदिबाट टाढा रहौं ।
३ चट्याङ परिरहेको समयमा विद्युतीय उपकरणहरु जस्तै: मोवाईल, फोनसेट, टिभी, कम्प्युटर आदि बन्द गरौं ।
४ चट्याङका कारण कोही घाइते तथा बिरामी भए तुरुन्त नजिकको स्वास्थ्य चौकी वा अस्पताल लैजाऔं ।
५ घरबाहिर हुँदा अग्लो र एक्लो रुख मुनी ओत नलागौं ।
६ पौडिने, माछा मार्ने, -याफ्टिङ जस्ता क्रियाकलाप नगरौं ।
७ खुल्ला मैदानमा नरहौं धातुको तारबारको नजिक नबसौं ।
८ विद्युतीय उपकरणहरु जस्तै: टिभी, कम्प्युटर आदिको नजिक नबसौं साथै फ्रिज, वासिङ्ग मेसिन आदि प्रयोग नगरौं ।

## टेम्पल बचत तथा ऋण सहकारी संस्था लि.

टङ्गल, ललितपुर-१२

प्रकाशित मितिः २०८२/१२/१० गते

### धितोमा रहेको अचल सम्पत्ति (घर जग्गा) लिलाम बिक्री गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना


यस सहकारी संस्थाबाट कर्जा लिनु भएका तपसिलका ऋणीले सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा ब्याज, तथा अन्य लाग्ने दस्तुर तिर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत ऋणीले कर्जा भुक्तानी गर्नेतर्फ कुनै पहल नगरेकाले मिति २०८२/०४/२६ गते प्रक्षेपन राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्न आउनको लागि ३५ दिने सूचना प्रकाशित गर्दा समेत सहकारीको कर्जा चुक्तां गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा ऋणीले सहकारी संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले सो ऋण कर्जाको शुरक्षण बापत धितो स्वरूप लेखी दिएको अचल सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा सहकारी ऐन तथा नियमावलीको अधिनमा रही लिलाम बढाबढद्वारा सहकारी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो सुरक्षणमा रहेको उक्त सम्पत्ति लिलाम बढाबढ खरिद गरी लिने इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफूले कबोल गरेको रकम सहित बोलपत्र दिनुहुन अनुरोध गर्दछौं । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिको ३६ (छत्तीस) दिन सो दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट लगतै कार्यालय खुलेको दिन यस सहकारी संस्थाको कार्यालयमा दिनको १.०० बजे खोलिने भएकोले उक्त दिन ऋणी तथा जमानतकर्ता र बोलपत्रदाता समेतलाई उपस्थित हुन अनुरोध गरिन्छ । उक्त दिन ऋणी तथा जमानतकर्ता र बोलपत्रदाता अनुपस्थित हुँदैमा लिलाम विक्री प्रक्रियामा कुनै बाधा परेको मानिने छैन । कुनै कारणवशः तपसिलमा उल्लेखित धितो सुरक्षण बापत रहेको सम्पत्ति कसैले पनि नसकारेमा वा विधिपूर्वकको बोलपत्र नपरेमा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस सहकारी संस्था आफैले सकार गरी लिने व्यहोरा समेत जानकारी गराइन्छ । यो सूचना बमोजिम कर्जा भुक्तानी गर्न नआएमा वा लिलामीबाट समेत सम्पूर्ण कर्जा रकम असुलउपर नभएमा ऋणी तथा जमानीकर्ताको र निजहरूको हक लाग्ने अन्य जायजेथाबाट समेत लेना रकम असुल उपर गर्न कानुनी प्रक्रिया सुरू गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना तथा तिनपुस्ते विवरण | धितो सुरक्षण विवरण | जमानीको नाम, ठेगाना तथा तिनपुस्ते विवरण |
|---|---|---|
| **ऋणी : समिता कार्की (खड्का)**<br>**पति** : जनक बहादुर खड्का<br>**ससुरा** : पदमध्वज खड्का<br>**ठेगाना** : सिन्धुपाल्चोक जिल्ला, सुनकोशी गा.वि.स. र न.पा. वडा नं. ५ | काठमाडौँ जिल्ला का.म.न.पा वडा नं. ३५ कि.नं. ६७, क्षे.फ. ०-०-०-०- (रोपनी) १०४.४० ब.मी. घरजग्गा | **जमानी : जनक बहादुर खड्का**<br>**बाबु** : पदमध्वज खड्का<br>**बाजे** : पदम बहादुर खड्का<br>सिन्धुपाल्चोक जिल्ला, सुनखानी गा.वि.स. र न.पा. वडा नं. ४ |

**लिलाम बढाबढ सम्बन्धी शर्तहरू**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले बोलेको १० प्रतिशतले हुने रकम धरौटी बापत तुरून्तै यस संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको लागि सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई उक्त अचल सम्पत्ति बुझी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम सोत जफत हुने छ ।
३. लिलाम सकार गर्ने व्यक्ति र संस्थाले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम बोल कबोल गर्ने व्यक्तिको नाममा लिलाम सदर गरिने छ ।
४. सम्पत्ति लिलाम तोकिएको दिन विदा परेमा सो को भोलिपल्ट लिलाम बढाबढ हुनेछ ।
५. लिलाम बढाबढ गर्दा अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।
६. लिलाम विक्री हुने धितो जग्गाको कागजपत्रहरु हेर्न चाहनु हुने व्यक्तिले यस सहकारी कार्यालय खुलेको समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७. सकार गरी लिनेले नै उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्दा लाग्ने नियमानुसारको सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण खर्चहरु सकार गरी लिनेले व्यहोर्नु पर्नेछ ।
८. लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ ।
९. लिलाम सम्पन्न हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा रकम बुझाएमा वा अन्य कुनै अवस्था परेमा सम्बन्धित ऋणीको धितो सम्पति लिलाम कार्य स्थगित गर्न सकिने छ ।
१०. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असूली सम्बन्धी विनियमावली अनुसार लिलाम विक्री गर्नु पर्ने जायजेथा लिलाम विक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तिको स्वामित्व आफूले लिन सकिनेछ ।
११. बोलपत्र फाराम रू.१०० तिरी सहकारी संस्थाबाट प्राप्त गर्न सकिने छ ।



भारतको कोलकातामा देशभर हालै भएको मूल्यवृद्धि र खाना पकाउने एलपी ग्यासको अभावको विरोधमा तरकारी बोकेर प्रदर्शन गर्दै तृणमूल कांग्रेस (टिएमसी) पार्टीको ट्रेड युनियन सदस्य । *तस्बिरः एएफपी*

# इरानको ऊर्जा पूर्वाधारमा आक्रमण पाँच दिन रोक्ने ट्रम्पको घोषणा

## इरानसँग फलदायी वार्ता भएको भनाइ

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सोमबार तेहरानसँग 'धेरै राम्रो र फलदायी वार्ता' पछि इरानको ऊर्जा पूर्वाधारमा आक्रमण नगर्न आदेश दिएको बताएका छन् ।

आफ्नो पूर्वचेतावनीबमोजिम अघि नबढ्न र कारबाही रोक्न अमेरिकी र इजरायली सेनालाई आदेश दिएको उनले बताएका छन् । वार्ता यो हप्ता जारी रहने बताइएको छ ।

ट्रम्पले सोमबार बिहान आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'संयुक्त राज्य अमेरिका र इरानबीच मध्यपूर्वमा हाम्रो शत्रुताको पूर्ण समाधानको बारेमा विगत दुई दिनमा धेरै राम्रो र फलदायी कुराकानी भएको छ ।'

उनले भनेका छन्, 'हप्ताभरि जारी रहने यो रचनात्मक वार्ताको प्रतिबद्धतालाई ध्यानमा राख्दै मैले युद्ध विभागलाई इरानको ऊर्जा प्लाण्ट र पूर्वाधारमा सबै सैन्य आक्रमणहरू पाँच दिनका लागि स्थगित गर्न निर्देशन दिएको छु । यो निर्णय बैठक र छलफलको सफलतामा निर्भर हुने छ ।'

यसअघि ट्रम्पले शनिबार साँझ स्ट्रेट अफ हर्मुज ४८ घण्टाभित्र पूर्णरूपमा खोल्न भन्दै यदि नखोलिए इरानको ऊर्जा प्लाण्ट नष्ट पार्ने चेतावनी इरानलाई दिएको थियो । इरानले कडा प्रतिवाद गर्दै यदि अमेरिकाले आफ्नो ऊर्जा पूर्वाधारमा आक्रमण गरे त्यस क्षेत्रका अमेरिका सम्बद्ध सम्पूर्ण ऊर्जा पूर्वाधारलाई निशाना बनाउने जवाफ दिएको थियो ।

मध्यपूर्वमा जारी युद्धको चौथो हप्तामा अमेरिकाले इरानविरुद्धको चेतावनी जारी गरेपछि इरानले हर्मुज स्ट्रेट 'पूर्ण रूपमा



बन्द' गर्ने चेतावनी दिएको हो । हर्मुज तेल र अन्य निर्यातका लागि अत्यन्त महत्त्वपूर्ण छ । इरानले यदि अमेरिका इरानका पावर प्लाण्टहरूमा आक्रमण गर्छ भने तत्काल प्रतिक्रियास्वरूप हर्मुज हर्मुज बन्द गरिने जनाएको छ ।

### इजरायलमा आक्रमण

इजरायली नेताहरूले दक्षिणी इलाकाका दुई समुदायको भ्रमण गरे जहाँ इरानी मिसाइल आक्रमणबाट धेरै मानिस घाइते भएका थिए । प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले कुनै मृत्यु नहुँदा यसलाई 'अद्भूत' बताएका छन् ।

नेतन्याहूले इजरायल र अमेरिकाले युद्ध लक्ष्य हासिल गर्न प्रगति गर्दै आएको दाबी गरे । यसमा इरानको नाभिकीय कार्यक्रम, मिसाइल कार्यक्रम र हथियारयुक्त समूहहरूको समर्थन कमजोर पार्नुका साथै इरानी जनतालाई धर्मनिरपेक्ष शासनतर्फ उन्मुख गर्ने उद्देश्य रहेको छ ।

### हर्मुज स्ट्रेट र ऊर्जा संरचना जोखिममा

इरानले हर्मुज स्ट्रेटमा प्रभावकारीरूपमा जहाज आवागमन रोकिरहेको छ, तर शत्रु देशहरूबाहेकका जहाजहरूलाई सुरक्षित आवागमनको अनुमति दिएको छ । यो स्ट्रेट विश्व तेल आपूर्तिको लगभग एक-पाँचौं हिस्साका लागि अत्यन्त महत्त्वपूर्ण छ ।

इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर कलीबाफले यदि इरानका पावर प्लाण्ट र संरचना निशाना बनाइए, यसले सम्पूर्ण क्षेत्रका ऊर्जा र पेयजल (डिजेलिनेसन) सुविधा प्रभावित हुने चेतावनी दिएका छन् ।

### इजरायल र इरानी हवाई आक्रमण

इरानले आफ्नो मुख्य नाभिकीय समृद्धि केन्द्र नाताञ्जमाथि गरिएको आक्रमणको प्रतिकारस्वरूप नेगेभ मरुभूमिमा मिसाइल प्रहार गरेको छ । दक्षिण इजरायलको मुख्य अस्पतालले अराद र डिमोना शहरबाट कम्तीमा १७५ घाइते प्राप्त गरेको जनाएको छ । इजरायलको सुरक्षा बलले आइतबारदेखि लेबनानमा लक्ष्य सूचीमा पुलहरूसमेत समावेश गरेका छन्, जसले शत्रु समूह हिजबुल्लाहको सेनालाई दक्षिणमा सर्न कठिन बनाउने छ । *रासस⁄एएफपी*

# दिगो डेटा सेण्टर निर्माणमा अस्ट्रेलियाको नयाँ रणनीति



**सिड्नी–** अस्ट्रेलियाली सरकारले सोमबार जल स्रोतको दिगो प्रयोग गर्ने र राष्ट्रिय स्वच्छ ऊर्जा संक्रमणमा योगदान गर्ने डेटा सेण्टरहरूको अनुमोदन प्रक्रिया तीव्र बनाइने घोषणा गरेको छ । उद्योग तथा नवप्रवर्तनमन्त्री तथा विज्ञानमन्त्री टिम एयर्सका अनुसार नयाँ फ्रेमवर्कले डेटा सेण्टर विकासकर्ताहरूलाई स्पष्ट र स्थिर संकेतहरू प्रदान गर्ने भएकाले अस्ट्रेलियामा लगानी गर्न अझ सजिलो र भरोसायोग्य वातावरण सिर्जना हुने छ । यस पहलले देशभित्रको आधुनिक प्रविधि पूर्वाधार विस्तारलाई प्रोत्साहन गर्दै राष्ट्रिय हितलाई प्राथमिकता दिने छ ।

एयर्सले जलवायु परिवर्तन तथा ऊर्जामन्त्री क्रिस बोवेन र विज्ञान, प्रविधि तथा डिजिटल अर्थतन्त्रका सहायक मन्त्री एण्डर्यू चार्ल्टनसँग डेटा सेण्टरहरूको विकास 'अस्ट्रेलियाली जनताको आवश्यकता पहिलो प्राथमिकता' हुनुपर्ने बताए । फ्रेमवर्कअनुसार राष्ट्रिय हितलाई प्राथमिकता दिने, ऊर्जा संक्रमणलाई सहयोग गर्ने, जलस्रोतको दिगो र जिम्मेवार प्रयोग गर्ने, स्थानीय सीप र रोजगारीमा लगानी गर्ने तथा अनुसन्धान र नवप्रवर्तन क्षमता सुदृढ पार्ने परियोजनाहरूलाई योजना तथा अनुमोदन प्रक्रियामा तीव्रता प्रदान गरिने छ ।

अस्ट्रेलियाली ऊर्जा बजार अपरेटरको सन् २०२५ को अनुमान अनुसार डेटा सेण्टरहरूले २०३० सम्म ग्रिडबाट आपूर्ति हुने विद्युत् करिब छ प्रतिशत र २०५० सम्म १२ प्रतिशत खपत गर्ने छन्, जुन २०२४-२५ मा केवल दुई प्रतिशत थियो । यस नयाँ फ्रेमवर्कअन्तर्गत नयाँ डेटा सेण्टरहरूले आफ्ना ऊर्जा आवश्यकताहरू पूर्ति गर्न नयाँ वा अतिरिक्त स्वच्छ ऊर्जा उत्पादन वा भण्डारण सुनिश्चित गर्नुपर्ने, उद्योगमा अग्रिम दक्षता उपायहरू अपनाउनुपर्ने र प्रसारण तथा वितरण पूर्वाधार लागतको आफ्नो हिस्सा बहन गर्नुपर्छ ।

बोवेनले बताएअनुसार यी कदमहरूले सबै उपभोक्ताका लागि ऊर्जा मूल्य स्थिर र न्यून राख्न सहयोग पुऱ्याउने छन्, साथै देशमा आधुनिक डेटा पूर्वाधार र स्वच्छ ऊर्जा संयन्त्रको विकासलाई प्रोत्साहित गर्ने छ । यस पहलले अस्ट्रेलियालाई दिगो प्रविधि लगानी र भविष्यको ऊर्जा सुरक्षामा अग्रणी देशको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ । *रासस⁄सिन्ह्वा*

# सिंगापुरको मुख्य मुद्रास्फीति १.४ प्रतिशत पुग्यो

**सिंगापुर–** सिंगापुरमा फेब्रुअरी महिनामा मुख्य मुद्रास्फीति दर वार्षिक आधारमा बढेर १.४ प्रतिशत पुगेको छ, जुन जनवरी महिनाको एक प्रतिशतभन्दा उच्च हो ।

सोमबार सार्वजनिक गरिएको आधिकारिक विवरणअनुसार यस वृद्धिको प्रमुख कारण सेवा क्षेत्र, खाद्य पदार्थ तथा खुद्रा वस्तुहरूको मूल्यमा आएको वृद्धि हो, जसमा विशेषगरी चिनियाँ नयाँ वर्षसँग सम्बन्धित मौसमी प्रभावले पनि योगदान दिएको बताइएको छ ।

व्यापार तथा उद्योग मन्त्रालय र सिंगापुरको मौद्रिक प्राधिकरणले संयुक्तरूपमा जारी गरेको वक्तव्यमा उपभोक्ता मूल्य सूचकांक मासिक आधारमा पनि ०.५ प्रतिशतले बढेको उल्लेख गरिएको छ, जसले आन्तरिक मागबाट उत्पन्न हुने मुद्रास्फीतिको दबाबलाई संकेत गर्दछ ।

आवास र निजी यातायात खर्चलाई समावेश नगर्ने मुख्य उपभोक्ता मूल्य सूचकांकलाई अर्थतन्त्रमा वास्तविक मूल्यवृद्धि मापन गर्ने महत्त्वपूर्ण सूचकका रूपमा लिने गरिन्छ । यद्यपि, समग्र मुद्रास्फीति दर भने फेब्रुअरीमा घटेर १.२ प्रतिशतमा झरेको छ, जुन जनवरीमा १.४ प्रतिशत रहेको थियो । यसले केही क्षेत्रमा मूल्यवृद्धि बढे पनि समग्र अर्थतन्त्रमा मुद्रास्फीतिको दबाब पूर्णरूपमा तीव्र नभएको संकेत गर्दछ । *रासस⁄सिन्ह्वा*

# काबुलमा विद्यालय खोल्न अपिल

**काबुल–** अफगानिस्तानको राजधानी काबुलमा महिला विद्यार्थीहरूले इस्लामिक इमिरेट्सको प्रतिबन्धअन्तर्गत बन्द रहेका विद्यालय र शैक्षिक संस्थाहरू पुनः खोल्नका लागि अपिल गरेका छन् । उनीहरूले अधिकारीहरूलाई बालिकाहरूलाई आफ्नो शिक्षा पुनः सुरु गर्न अनुमति दिन आग्रह गर्दै विद्यालय तथा शैक्षिक संस्थाहरू खोल्न र शिक्षाको अवसर दिन अनुरोध गरेका हुन् ।

विद्यालय जाने अवसरको अभावले आफ्नो भविष्य खतरामा परेको भन्दै उनीहरूले शैक्षिक सुविधाहरू निरन्तर बन्द भएकोमा गहिरो निराशा व्यक्त गरेका छन् । पछिल्लो समयमा अफगानिस्तानमा बालिकाहरूको शिक्षामा लगाइएको प्रतिबन्धले अन्तर्राष्ट्रिय निकायको ध्यान खिचेको र मानव अधिकार संगठनहरूले आलोचना गरेको समयमा उनीहरूको आग्रह आएको हो ।

महिला अधिकारकर्मीहरूले पनि परिस्थितिलाई मौलिक अधिकारको उल्लंघनको रूपमा वर्णन गर्दै अफगान जनताको हितका लागि विद्यालय र विश्वविद्यालयका ढोका सकेसम्म चाँडो खोल्नुपर्ने बताएका छन् ।

अफगानिस्तानमा राजनीतिक परिवर्तनपछि बालिकाहरूको शिक्षामा व्यापक प्रतिबन्ध लगाइएको थियो, जसका कारण धेरैका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका बन्द रह्यो । अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरूले बारम्बार शिक्षामा पहुँच मौलिक मानवअधिकारको विषय भएको विषयमा जोड दिदै बालिकाहरूलाई यस अधिकारबाट वञ्चित गर्नाले अफगान समाजमा दीर्घकालीनरूपमा प्रतिकूल प्रभाव पार्न सक्ने चेतावनी दिएको छ । *रासस⁄एएनआई*


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८०।०२।०८ मा प्रा.लि नं.३१३०१४ म दर्ता भएको **शर्मसुलव विविध सेवा** को मिति २०८२।१२।०८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन, २०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पत्र नं.३९१)**
**बिजुलीबजार, काठमाडौं, सम्पर्क नं. ९८४१४४९३३८०**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१० गते**

यस कम्पनीको मिति २०८२/१२/०५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **दीप ज्योती इंगलिस वोर्डिङ्ग सप्तरी स्कूल प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल लाइन्स एकेडेमी प्रा.लि. (प्रा.लि.नं. ११८८१२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०३/११ मा दर्ता भएको **प्रा. लि. नं. ३१४५२१** को **जे. एण्ड ए. सप्लायर्स प्रा. लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# विश्वबजारमा दक्षिण कोरियाका उत्पादनको उच्च माग



**सोल–** दक्षिण कोरियाको निर्यात मार्च महिनाका पहिलो २० दिनमा गत वर्षको सोही अवधिसँग तुलना गर्दा ५० प्रतिशतले वृद्धि भएको छ । यो वृद्धि मुख्यरूपमा सेमिकण्डक्टर (अर्धचालक) उत्पादनको उच्च मागका कारण भएको हो, जसले देशको निर्यात व्यापारलाई ठूलो उचाइमा पुऱ्याएको छ ।

कोरिया भन्सार सेवा कार्यालयका अनुसार, मार्च १-२० को अवधिमा देशको कूल निर्यात ५३ अर्ब अमेरिकी डलर पुगेको छ । यसमा सबै मुख्य क्षेत्रको निर्यातमा उल्लेखनीय वृद्धि भएको देखिन्छ ।

### सेमिकण्डक्टर र अटोमोबाइल निर्यात

सेमिकण्डक्टर निर्यात १९ अर्ब अमेरिकी डलर पुगेको छ, जुन गत वर्षको तुलनामा लगभग दुई गुणा बढी हो । यसले दक्षिण कोरियाको टेक्नोलोजी र इलेक्ट्रोनिक्स उद्योगको अन्तर्राष्ट्रिय मागलाई स्पष्टरूपमा देखाउँछ । अटोमोबाइल निर्यात पनि बढ्दै चार अर्ब अमेरिकी डलर पुगेको छ । यसले दक्षिण कोरियाको अटोमोबाइल उद्योगको प्रतिस्पर्धात्मक क्षमता र विश्वबजारमा मागको संकेत गर्दछ ।

### अन्य प्रमुख निर्यात वस्तुहरू

तेलजन्य उत्पादन, फलाम र इस्पात, मोबाइल उपकरण र घरेलु उपकरणका निर्यात पनि दोहोरो अंकमा वृद्धि भएका छन् । विशेषगरी कम्प्युटर उत्पादनको निर्यात तीन अंकमा बढेको छ, जसले देशको इलेक्ट्रोनिक्स क्षेत्रको सशक्त स्थिति देखाउँछ ।

### आयात वृद्धि

साथै, आयात पनि वर्षको सोही अवधिसँग तुलना गर्दा २० प्रतिशत बढेर ४१ अर्ब अमेरिकी डलर पुगेको छ । मुख्य आयात वस्तुमा क्रुड तेल, कोइला, चिप्स, सेमिकण्डक्टर उपकरण, प्रेसिजन मेसिनरी र मोबाइल उपकरण पर्दछन्, जसको दोहोरो अंकमा वृद्धि देखिएको छ ।

यस प्रकार दक्षिण कोरियाको निर्यात र आयात दुवै क्षेत्रमा ठूलो वृद्धि देखिनुले देशको व्यापार गतिविधि गतिशील भएको र विश्वव्यापी माग उच्च रहेको स्पष्ट पार्छ । *रासस⁄सिन्ह्वा*


**Janaki Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Durgauli, Kailali**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bid**

**Date of Publication:- 24th March 2026**

1. **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | NCB/JRM/W/ 05/2082/83 | Ati Bipanna tatha Simantakrit Samudayaka lagi Namuna Awas Karyakram Janaki-1 to 9 all ward | 93,06,954.03 | 2,70,000 | 3000 |

2. Eligible Bidders may obtain further information at Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali or **Telephone NO.: +977 091-500077,** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Please visit www.janakimunkailali.gov.np for more details.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७५५०० | प्रति तोला – ० | प्रति तोला – ४४२५ |



**उनीको पछ्यौरा** | दाङको घोराही–१८ स्थित फुर्सेखालीको गोदावरी टोलमा स्थानीय स्रोत र सीपको उपयोग गरेर घरेलु उद्योगमा बिक्रीका लागि मगर समुदायका पुरुषले लगाउने परम्परागत उनीको पटुका तयार गर्दै महिला उद्यमी । *तस्बिरः रासस*

बजेट क्यालेण्डर

## मन्त्रालयहरूले चैत १५ भित्र योजना पठाइसक्नुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा राखिसक्नुपर्नेछ ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिए । यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको उनको भनाइ छ ।

'बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो । नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा राखिएका विषयहरू बजेटमा कसरी सम्बोधन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ', उनले भने ।

आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिए ।

आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ । अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ । आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ । राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था बनाइएको छ । बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक-पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो । यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ ।

यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो । चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ देखि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरोकार भएकाहरूबाट सुझाव संकलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ । यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ ।

यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ । यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ । अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ । चैत अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ ।

वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ । यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ । साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव संकलन गरिनेछ ।

वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सर्वेक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ । यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइसक्नुपर्नेछ ।

जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ । सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ । जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ । यस्तै, जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौदा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ । यसपछि अर्थमन्त्रीले राष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गर्नेछन् । जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ ।

अन्ततः जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा आर्थिक सर्वेक्षण, संस्थानहरूको प्रगति विवरण र मन्त्रालयगत प्रगति प्रतिवेदन पेस गरिनेछ । सोही दिन बजेट वक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक छपाइको काम हुनेछ ।

## बागमती सरकारले आठ महिनामा उठायो साढे २४ अर्ब राजस्व

■ प्रभाव संवाददाता

**बागमती–** बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामा वार्षिक लक्ष्यको ३६ दशमलव २९ प्रतिशत अर्थात् रु २४ अर्ब ४९ करोड दुई लाख ८७ हजार राजस्व संकलन गरेको छ ।

घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिन्छ । आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन सम्ममा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व संकलन हुने लक्ष्य राखिएको थियो । यो लक्ष्यको तुलनामा ४५ दशमलव १३ प्रतिशत अर्थात् रु १३ अर्ब ९३ करोड ९७ लाख १५ हजार राजस्व संकलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत सुरज पौडेलले जानकारी दिए ।

उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा पहिलो आठ महिनामा रु दुई अर्ब ५६ करोड दुई लाख चार हजार राजस्व संकलन भएको छ ।

यसैगरी, प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड अनुमान गरिएकामा रु चार अर्ब ४४ करोड ९३ लाख ४० हजार राजस्व संकलन गरेको छ ।

यस्तै, प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा रु पाँच अर्ब चार करोड ६५ लाख १७ हजार संकलन भएको छ भने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा रु एक अर्ब ७५ करोड तीन लाख ३६ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा त्यसको ५३ दशमलव ६० प्रतिशत अर्थात् रु सात अर्ब ९४ करोड २७ लाख ५६ हजार प्राप्त भएको अधिकृत पौडेलले बताए ।

यस्तै, चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा आठ महिनाको अवधिमा लक्ष्यको ५२ दशमलव ३५ प्रतिशत अर्थात् रु दुई अर्ब ५० करोड १२ लाख १८ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद-बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व संकलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायतका कारणले अपेक्षाकृत राजस्व संकलन हुन नसकेको उनको भनाइ छ ।

### मुस्ताङ भन्सारबाट पौने छ अर्ब संकलन

नेपाल–चीन उत्तरी कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयले चालु आर्थिक वर्षमा पौने छ अर्ब राजस्व संकलन गरेको जनाएको छ । गत भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको कार्यालयले यही चैत ७ गतेसम्म रु पाँच अर्ब ७१ करोड १० लाख राजस्व संकलन गरेको जनाएको छ ।

कार्यालयका प्रमुख रमेश खड्काले उक्त अवधिमा नाकाबाट रु १२ अर्ब १७ करोड मूल्य बराबरको मालवस्तु आयात भएको छ भने रु २० करोड ३० लाख मूल्य बराबरको मालवस्तु चीनतर्फ निर्यात भएको हो । हालसम्म कोरलानाकाबाट भित्रिएका दुई हजार ३४७ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले बताए ।

यसैगरी, मुस्ताङ भन्सार कार्यालयबाट एक हजार ८०४ वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास भएको भन्सार प्रमुख खड्काको भनाइ छ । गत असार र साउनमा पहिरोका कारण रसुवागढी नाका र तातोपानी नाका पूर्ण रूपमा बन्द भएपछि मुस्ताङको कोरलानाकालाई वैकल्पिक नाकाका रूपमा प्रयोग गरिएको थियो ।

यसलगत्तै नेपाल सरकार भन्सार विभागले वैकल्पिक रूपमा प्रयोग गरिएको कोरलानाकालाई पूर्ण रूपमा सञ्चालन गराएको थियो । बर्सेनि रु १०/१५ लाख आर्थिक राजस्व संकलन गर्ने यहाँको मुस्ताङ भन्सार कार्यालयले असोजदेखि यता उल्लेखनीय राजस्व संकलन गर्न सफल भएको कार्यालयको भनाइ छ ।

### सामान्य बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** आइतबार उच्च अंकले बढेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सोमबार पाँच दशमलव ०१ अंकले बढेर दुई हजार ९३६ दशमलव ५६ को विन्दुमा कायम भएको हो । त्यस्तै ३४२ कम्पनीको शेयर खरिदबिक्री हुँदा रु १५ अर्ब ७८ करोड ६३ लाख १३ हजार ४४० को कारोबार भएको छ ।

बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दिऔं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पोखरिया मालपोतको सेवा प्रवाहमा सुधार

■ प्रभाव संवाददाता

**पर्सा–** आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत मालपोत कार्यालय पोखरियाले हालसम्म उल्लेखनीय राजश्व संकलन गर्दै सेवा प्रवाहमा समेत प्रभावकारी सुधार गरेको जनाएको छ । कार्यालयका अनुसार २०८२/०१/०१ देखि २०८२/१२/०८ गतेसम्म कुल ८ करोड १६ लाख ४९ हजार २६८ रूपैयाँ राजश्व संकलन भएको छ ।

उक्त अवधिमा दृष्टिबन्धक लिखत पारित संख्या १ हजार १६९ र राजीनामा लिखत पारित संख्या १ हजार ९८२ पुगेको छ । यसरी कुल ३ हजार १५१ लिखत पारित भई सो बराबरको राजश्व संकलन भएको कार्यालयले जनाएको छ ।

त्यसैगरी मुद्दाफाँटतर्फ जग्गा नामसारी ३००, दर्ता-खारेज (दा-खा) २१०, हालसाबिक १८०, संशोधन २० र फैसला ५ गरी जम्मा ७१५ वटा कार्य सम्पन्न भएका छन् । यसबाट ३६ लाख २१ हजार १४८ रूपैयाँ राजश्व संकलन भएको छ ।

कार्यालयले लामो समयदेखि अवरुद्ध रहेको नगर विकास आयोजनाअन्तर्गतको जग्गा विवाद समाधान गरी सम्बन्धित जग्गाधनी किसानलाई जग्गा फिर्ता गर्ने प्रक्रिया पनि अघि बढाएको जनाएको छ । पर्साको कालिकामाई गाउँपालिका-४ प्रसौरामपुर निवासी शम्भु साहले कार्यालयप्रति सन्तुष्टि व्यक्त गर्दै सेवा सहज र प्रभावकारी बनेको बताएका छन् ।

यस्तै पोखरिया नगरपालिका-१ का स्थानीय तथा उपभोक्ता समिति अध्यक्ष राजुबाबु गिरीले पछिल्लो समय कार्यालयको कार्यशैलीमा व्यापक सुधार आएको उल्लेख गर्दै सेवाग्राहीमैत्री वातावरण विकास भएको बताए । पकाहा मैनपुर गाउँपालिका-१ का वन कृष दासले मालपोत कार्यालयमा बिचौलियाको प्रभाव घटेको र काम पारदर्शी ढंगले हुने गरेको प्रतिक्रिया दिएका छन् ।

त्यसैगरी पोखरिया नगरपालिका-४ का सेवाग्राही आजाद आलमले कार्यालयको सेवाप्रति उच्च सन्तुष्टि व्यक्त गर्दै भने, 'पहिला जस्तो झन्झट र ढिलासुस्ती अहिले छैन । काम अत्यन्तै छिटो, व्यवस्थित र पारदर्शी रूपमा भइरहेको छ । कर्मचारीहरू सहयोगी र जिम्मेवार देखिन्छन् । सेवाग्राहीलाई प्राथमिकतामा राखेर काम हुने गरेको अनुभव भयो, जसले गर्दा आम नागरिकमा कार्यालयप्रति विश्वास बढेको छ ।' मालपोत कार्यालय पोखरियाले सेवाग्राहीलाई सहज, छिटो, पारदर्शी तथा प्रभावकारी सेवा प्रदान गर्न निरन्तर सुधारका प्रयासहरू अघि बढाइरहेको जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ